**अध्याय तीन**

# नेटवर्कमा समाचार : उज्यालो र नेपाल एफएम नेटवर्कको अभ्यास

## पृष्ठभूमि

नेपालमा एफएम रेडियोको नेटवर्क भन्नेवित्तिकै त्यससँग जोडिएर आउने कुरा हो समाचार । किनभने रेडियोको नेटवर्कको अभ्यास समाचारबाटै सुरु भएको हो । यस पुस्तकका परिचयदेखि अध्याय २ सम्ममा नेटवर्कबारेका बहस, इतिहास र नेटवर्कमा प्रसार भइरहेका कार्यक्रम समेटिएका छन् । अध्याय २ मा नेटवर्कका कार्यक्रम उत्पादनमा बढी समय, धेरै पैसा, दक्ष जनशक्ति लगाएर राष्ट्रिय महत्त्वको विषयलाई आकर्षक तरिकाले प्रस्तुत गरिएकाले तिनको माग काठमाडौं बाहिरका रेडियो स्टेसनमा भएको निष्कर्ष निकालिएको छ । तर समाचारका हकमा पनि यही लागू हुन्छ त ? यो अध्यायले यस प्रश्नको जवाफ खोजेको छ । यसका लागि उज्यालो ९० र नेपाल एफएम नेटवर्कका समाचारसँग सम्बन्धित विभिन्न पक्षको खोजीनीति गरिएको छ । नेटवर्कको औपचारिक रूप धारण नगरे पनि रेडियो सगरमाथाका केही समाचार बुलेटिन[१] र बीबीसी नेपाली सेवा

[१] यी समाचारमा *पत्रपत्रिकाको सँगालो* र बेलुका ६:४५ बजेको *हालचाल* पर्छन् । रेडियो सगरमाथाका समाचारबारे विस्तृतमा लुइँटेल (२०६२) हेर्नुहोस् ।

काठमाडौँ बाहिरका केही रेडियो स्टेसनले प्रसारण गरिरहेका छन् । सामुदायिक रेडियो पक्षधरले आफूबीच समाचार आदानप्रदानको अभ्यास गरिरहेका छन् । यसको चर्चा अध्याय १ मै भइसकेको छ । यस अध्यायमा परिचय र निष्कर्षबाहेक तीन खण्ड छन् ।

पहिलो खण्डमा यी दुई नेटवर्कमा समाचारको पृष्ठभूमि र अहिलेको अवस्था उल्लेख गरिएको छ । यसअन्तर्गत यी नेटवर्कमा समाचार प्रसारण हुने समय र तिनले पाएको स्थान साथै यिनका राम्रा र नराम्रा पक्षलाई केलाइएको छ । यस क्रममा रेडियो स्टेसनलाई समाचार बिक्री वितरण गरिरहेका समाचार समितिको अभ्यासलाई पनि समेटिएको छ । दोस्रो खण्डमा यी दुई नेटवर्कको समाचार उत्पादनमा संलग्न जनशक्तिसँग सम्बन्धित विभिन्न पक्षको चर्चा गरिएको छ । यसभित्र जनशक्तिको योग्यता, पारिश्रमिक, तालिम प्रशिक्षणबारे जानकारी दिइएको छ । तेस्रो खण्ड समाचार निर्माण प्रक्रिया, यसको विषयवस्तु विश्लेषण र प्याकेजिङमा केन्द्रित छ । यसका लागि यी नेटवर्कका विभिन्न तीन प्रकृतिका समाचारलाई छनोट गरिएको थियो । यो छनोटको आधार सम्बन्धित रेडियो नेटवर्कले छुट्टयाएको प्रकृति नै हो । पहिलोमा पत्रपत्रिकाको समाचारमा बढी आश्रित उज्यालो ९० नेटवर्कको *कायाकैरन* र नेपाल एफएम नेटवर्कको *नेपाल डायरी* छन् । दोस्रोमा रेडियो पत्रिकाका रूपमा लिइएका उज्यालोको *नेपाल दर्पण* र नेपाल एफएमको *नेपाल सेरोफेरो* परेका छन् । तेस्रोमा काठमाडौँबाहिरका एफएम रेडियोले नेटवर्कका लागि तयार पार्ने उज्यालोको *खबर चौतारी* र नेपाल एफएमको *नेपाल दर्शन*लाई लिइएको छ । यसक्रममा यी कार्यक्रममा समाचारसम्बन्धी आवाज समेटिएको नसमेटिएको बारे ध्यान दिइएको छ । रेडियो आवाजको माध्यम भएकाले र यस्ता आवाजले समाचारलाई अझ आधिकारिक बनाउने भएकाले यस्तो गरिएको हो ।

यो अध्याय दुवै नेटवर्कका समाचारमा काम गर्ने पत्रकारका साथै सञ्चार क्षेत्रमा कार्यरत अरू व्यक्तिसँग गरिएको कुराकानीमा आधारित छ । समाचारको विषयवस्तु र प्याकेजिङको विश्लेषण गर्न २०६५ असोजको पहिलो र दोस्रो हप्ताका कार्यक्रम छनोट गरिएको छ । यसअन्तर्गत *कायाकैरन, नेपाल डायरी, नेपाल दर्पण, नेपाल सेरोफेरो* र *नेपाल दर्शन*का क्रमश: २०६५ असोज ३, ५, ७, ९ र ११ का अङ्क लिइएका छन् । *खबर चौतारी*का भने २०६५ असोज ५, ६, ७ र १३ का अङ्क लिइएका छन् । दैनिक प्रसारण हुने *खबर चौतारी* अध्ययन गरेको अवधिमा भने बिहीबार र शनिबारबाहेक हरेक दिन प्रसारण भएका थिए । लगातार पाँच दिनको कार्यक्रमको अध्ययन गर्दा एक हप्ता पनि नसमेटिने भएकाले धेरै अवधिको कार्यक्रम अध्ययन गर्ने हिसाबले यसरी दिन छानिएका

हुन् । यसरी दिन छनोट गर्दा केही हदसम्म समाचारका प्रवृत्तिको चर्चा गर्न सम्भव हुन्छ ।

## नेटवर्क र समाचार

छापा माध्यमका लागि समाचारको उत्पादन र विक्री वितरणको अभ्यास पहिलेदेखि नै भइआएको छ । तर रेडियोमा तयारी समाचार विक्री गर्ने परम्परा भने निकै पछि मात्र सुरु भयो । रेडियोको नेटवर्क बन्ने र त्यसमार्फत समाचार प्रसारण हुन लागेको करिब नौ वर्ष पुगेको छ । समाचारको नेटवर्क अभ्यासलाई बुझ्न यसका प्रारम्भिक दिन उत्तिकै महत्त्वपूर्ण छन् । त्यसैले अहिलेका प्रमुख दुई नेटवर्कको समाचारको पृष्ठभूमि बेग्लाबेग्लै रूपमा उल्लेख गरिएको छ ।

### *उज्यालो ९० नेटवर्कमा समाचार र त्यसको पृष्ठभूमि*

२०५७ भदौ ७ मा समाचारमूलक कार्यक्रमका रूपमा *कायाकैरन* सुरु भएपछि औपचारिक रूपमा कम्यूनिकेशन कर्नरले काठमाडौंबाहिरका रेडियोका लागि समाचार उत्पादन गर्न थालेको हो । सुरुमा यो कार्यक्रम स्थानीय रेडियोमा हप्तामा तीन दिन प्रसारण हुन्थ्यो । त्यसैले यसमा त्यतिबेला हार्ड न्यूज[२] थिएन । काठमाडौँबाट प्रकाशन हुने पत्रपत्रिका र अरू सञ्चार माध्यममा आएका विभिन्न मुद्दामा थप मानिस र पक्षको विचार थपेर बनाइएका समाचार विश्लेषण, रिपोर्ट र अन्तर्वार्ता यस कार्यक्रमका प्रमुख विषयवस्तु हुन्थे ।[३] यो दैनिक भएपछि भने काठमाडौंबाट प्रकाशित दैनिक पत्रिकाका समाचारका अंश वाचन गर्न थालिएको हो । काठमाडौँबाट प्रकाशित राष्ट्रिय पत्रिकाका समाचार ती पत्रिका नपुग्ने ठाउँसम्म स्थानीय रेडियोमार्फत बिहानै पुग्दा सकारात्मक चर्चा हुन्थ्यो । यसले गर्दा काठमाडौँसँग बाँकी भागको दूरी पनि केही हदसम्म कम भएको तर्क गरिन्थ्यो । यस कार्यक्रममा विभिन्न सामाजिक र राजनीतिक मुद्दाका रिपोर्ट पनि बज्दथे । यस्ता रिपोर्टमा सम्बन्धित पक्षको आवाज पनि समेटिएकाले यसले रेडियो समाचारको स्वाद पनि दियो । कार्यक्रम वितरण गर्ने प्रविधि विकास भएपछि समाचार र समाचारमूलक कार्यक्रम थपिए ।

यसरी थपिएको विभिन्न कार्यक्रममध्येको एक थियो *नेपाल दर्पण* । उज्यालो ९० नेटवर्कका गोपाल गुरागाईंका अनुसार *कायाकैरन*ले श्रोतालाई हिजो के

---

२ दिनदिनै भइराख्ने कार्यक्रम, घटनाको समाचार जुन अर्को दिन प्रसारण/प्रकाशन गर्दा महत्त्व घट्छ त्यो हार्ड न्यूज हो ।

३ गोपाल गुरागाईंसँग २०६५ असोज १२ मा गरिएको कुराकानीमा आधारित ।

भएको थियो भन्ने बारेमा जानकारी दिन्छ भने *नेपाल दर्पण*ले दिनभरि के के भए भन्ने कुरा बताउँछ ।[४] *नेपाल दर्पण* बेलुका ८:०० देखि ८:३० बजेसम्म प्रसारण गरिँदै आएको छ। यसमा दिनभरिका मुख्य समाचारका साथसाथै आर्थिक, सामाजिक मुद्दामा रिपोर्ट र अन्तर्वार्ता समेटिएको हुन्छ ।

यसै बेला तीन घण्टाको फरकमा प्रसारण गरिने *नेपाल खबर*को पनि जन्म भयो। २०६१ माघ १८ सम्म *नेपाल खबर* बिहान ९:००, दिनको १२:००, ३:०० र साँझ ६:०० बजे बज्थ्यो। तीन घण्टाको बीचमा राष्ट्रियस्तरका समाचार अद्यावधिक गर्न सकिने सोचेर यस्तो व्यवस्था गरिएको थियो। यसको अवधि १० मिनेट थियो। कम्यूनिकेशन कर्नरले नेपाल एफएमका लागि मात्र बिहान ८:०० देखि राति १०:०० बजेसम्म नौ ओटा *राजधानी खबर* बनाउँथ्यो। यो क्रम २०६१ माघ १९ को राजाको कदम पछि टुट्यो।



तस्बिर ३.१ : आफ्ना समाचार बुलेटिनबारे उज्यालो ९० नेटवर्कले गरेको विज्ञापन (स्रोत : उज्यालो ९० नेटवर्क) ।

२०६३ चैत २ मा कम्यूनिकेशन कर्नरले आफ्नै रेडियो उज्यालो एफएम सुरु गऱ्यो । पछि *नेपाल खबर* नेपाल भाषा र तामाङ भाषामा पनि सुरु भयो । नेवार

---
४ गोपाल गुरागाईसँग २०६५ कात्तिक २२ मा गरिएको कुराकानी ।

र तामाङ काठमाडौँ र आसपासमा धेरै सङ्ख्यामा वसोवास गर्ने भएकाले यी समाचार प्रसारण गरिएका हुन् । यस नेटवर्कले क्षेत्रीय तहमा पनि समाचारको सङ्कलन र प्रसारण गरिरहेको छ । २०६५ वैशाख १५ देखि पोखराको रेडियो तरङ्गको सहयोगमा पश्चिमाञ्चल क्षेत्रका सडक यातायातसम्बन्धी समाचार *सडक समाचार* प्रसारण भइरहेको छ । यो उज्यालो एफएमका साथै पश्चिमाञ्चलका ६ ओटा रेडियोमा प्रसारण हुन्छ । तालिका ३.१ मा उज्यालोमा बज्ने समाचारको विवरण दिइएको छ ।

माथि चर्चा गरिएका *कायाकैरन, नेपाल खबर* र *नेपाल दर्पण* काठमाडौँबाट काठमाडौँ बाहिरका एफएम स्टेसनमा पठाइन्छ । यस नेटवर्कमा काठमाडौँ बाहिरका रेडियो स्टेसनले उत्पादन गर्ने समाचार पनि बज्ने गर्छ *खबर चौतारी*का नाममा । यो हरेक साँझ ६:१५-७:०० बजेसम्म बज्ने गर्छ ।[५] काठमाडौँ बाहिर स्थानीयस्तरका विभिन्न महत्त्वपूर्ण मुद्दालाई राष्ट्रव्यापी बनाउने उद्देश्यले यो कार्यक्रम सुरु भएको हो । जहाँको समाचार हो त्यहीँको आवाजमा सुनाउने यसको लक्ष्य छ ।[६]

तालिका ३.१ मा दिइएका समाचारमध्ये *कायाकैरन,* बिहान ९:००, मध्याह्न १२:००, दिउँसो ३:००, साँझ ६:०० बजेको *नेपाल खबर* र *नेपाल दर्पण* भने नेटवर्कका अरू रेडियो स्टेसनले पनि प्रसारण गर्ने मुख्य समाचार हुन् । यस नेटवर्कमा हरेक दिन करिब तीन घण्टाको अन्तरमा काठमाडौँमा तयार भएको समाचार प्रसारण हुन्छ । बिहान ६:०० र साँझ ८:०० बजेको समाचार आधा घण्टाका र अरू समाचार ५ या १० मिनेटका छन् । उज्यालो ९० नेटवर्कको *कायाकैरन* र *नेपाल दर्पण* बजाउने सम्झौता भएपछि ती रेडियो स्टेसनले बजाउनै पर्छ । यी कार्यक्रम सकेसम्म एउटा निश्चित सहर वा क्षेत्रमा एउटा रेडियोलाई मात्र दिने नीति छ । यी कार्यक्रम प्रसारण गर्ने रेडियो स्टेसनको सङ्ख्या ४७ छ ।[७] तीन घण्टाको फरकमा बज्ने *नेपाल खबर* एफएम रेडियो स्टेसनले बजाउन पनि सक्छन् नबजाउन पनि सक्छन् । दिउँसो ३:०० बजेको *नेपाल खबर* बजाउने रेडियो स्टेसन सबैभन्दा बढी छन् ।

---

५ सुरुदेखि नै हरेक दिन साँझ ६:१५-७:०० बजेसम्म बज्ने यो कार्यक्रम २०६५ कात्तिकको अन्तिम हप्तामा भने बुधबार, शुक्रबार र शनिबार गरी ३ दिन १५ मिनेट मात्र प्रसारण गरिएको थियो । साँझ ६:३०-७:०० बजेसम्म बुधबार र शुक्रबार *शरणार्थी सन्देश* र शनिबार *सुनौँ बोलौँ* प्रसारण गरिएको थियो ।

६ उज्यालो नेटवर्कका कञ्चन अर्यालसँग २०६५ कात्तिक २० मा गरिएको कुराकानीमा आधारित ।

७ यो सङ्ख्या नेटवर्कको विस्तारसँगै बढ्ने गर्दछ र २०६५ फागुन अन्तसम्मा ५० नाघिसकेको थियो ।

**तालिका ३.१ : उज्यालो ९० नेटवर्कमा बज्ने समाचारको विवरण**

| समय | समाचार | भाषा |
|---|---|---|
| ६:००-६:३० | कायाकैरन | नेपाली |
| ७:००-७:२० | रेडियो नेपालको समाचार | नेपाली |
| ८:००-८:१० | नेपाल खबर | अंग्रेजी |
| ९:००-९:१० | नेपाल खबर | नेपाली |
| १०:००-१०:१० | नेपाः बुखं | नेपालभाषा |
| ११:००-११:०५ | नेपाल खबर | नेपाली |
| १२:००-१२:१० | नेपाल खबर | नेपाली |
| १३:००-१३:०५ | नेपाल खबर | नेपाली |
| १४:००-१४:०५ | नेपाल खबर | नेपाली |
| १४:१५-१४:२५ | सडक समाचार | नेपाली |
| १५:००-१५:१० | नेपाल खबर | नेपाली |
| १६:००-१६:१० | यम्बुला तम्सोर | तामाङ |
| १७:००-१७:१० | नेपाल खबर | नेपाली |
| १८:००-१८:१० | नेपाल खबर | नेपाली |
| १८:१५-१९.०० | खबर चौतारी | नेपाली |
| १९:००-१९:२० | रेडियो नेपालको समाचार | नेपाली |
| २०:००-२०:३० | नेपाल दर्पण | नेपाली |
| २१:००-२१:०५ | नेपाल खबर | नेपाली |
| २२:००-२२:०५ | नेपाल खबर | नेपाली |
| २२:५५-२३:०० | नेपाल खबर हाइलाइट्स | नेपाली |

स्रोतः उज्यालो ९० नेटवर्कको २०६५ कात्तिकको रेकर्डमा आधारित ।

अरू समयमा बज्ने *नेपाल खबर* पनि नेटवर्कका केही एफएम रेडियो स्टेसनले प्रसारण गरिरहेका छन् । जस्तै, बिहान १०:०० बजेको नेपाल भाषाको *नेपाः बुखँ* प्रतिध्वनि एफएम, मकवानपुर र पोखरा एफएम, कास्कीमा पनि बज्ने गरेको छ । प्रतिध्वनिले दिउँसो ४:०० बजेको तामाङ भाषाको *यम्बुला तम्सोर* पनि प्रसारण गरिरहेको छ । यो नेटवर्कमार्फत मैथिली, अवधि र उर्दू भाषामा पनि समाचार प्रसारण गर्न माग आइरहेको छ ।[८] अन्य भाषामा पनि समाचार उत्पादन र प्रसारण गरे अरू रेडियो स्टेसनले प्रयोग गर्ने सम्भावना छ ।

२०६५ असोजको पहिलो हप्तामै पनि तालिका ३.२ मा उल्लेख नगरिएका दिउँसो २:००, साँझ ५:००, राति ९:०० र १०:०० बजेका *नेपाल खबर* पनि नेटवर्कका केही रेडियो स्टेसनले बजाउने गरेका छन् । यी समाचार काठमाडौँ

---

[८] गोपाल गुरागाईंसँग २०६५ कात्तिक २२ मा गरिएको कुराकानीमा आधारित ।

तालिका ३.२ : विकासक्षेत्रीय स्तरमा उज्यालो ९० नेटवर्कका समाचार प्रसारण गर्ने स्थानीय रेडियोको सङ्ख्या

| विकास क्षेत्र | कायाकैरन/नेपाल दर्पण | नेपाल खबर बिहान ९ बजे | नेपाल खबर मध्याह्न १२ बजे | नेपाल खबर दिउसो ३ बजे | नेपाल खबर साँझ ६ बजे |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | ६ | ० | २ | ४ | ३ |
| मध्यमाञ्चल | १२ | १२ | १२ | १४ | १२ |
| पश्चिमाञ्चल | १२ | ९ | १४ | १५ | १३ |
| मध्यपश्चिमाञ्चल | ११ | ४ | ३ | ६ | ६ |
| सुदूरपश्चिमाञ्चल | ६ | १ | १ | २ | १ |
| **जम्मा** | **४७** | **२२** | **३२** | **४१** | **३५** |

स्रोत: उज्यालो ९० नेटवर्कको २०६५ कात्तिकको रेकर्डमा आधारित ।

र आसपासका जिल्लाका श्रोताका लागि तयार पारिएका हुन् । तर काठमाडौँ बाहिरका अरू रेडियो स्टेसनले पनि प्रसारण गरेका छन् ।[९]

## *नेपाल एफएम नेटवर्क*

नेपाल एफएम नेटवर्कको सुरुआत कम्यूनिकेशन कर्नरसँगै जोडिन्छ किनभने कम्यूनिकेशन कर्नरकै व्यवस्थापन र उत्पादनमा यसले आफ्ना समाचार बुलेटिन उत्पादन/प्रसारण गर्न सुरु गरेको हो । तर पछि कर्नर यसबाट अलग्गिएपछि यसले आफ्नो छुट्टै नेटवर्क बनायो (हेर्नुहोस् अध्याय १) । २०६१ माघ १९ पछि एफएम रेडियोका समाचारमा लगाइएको कडा प्रतिबन्धका बाबजुद समाचार प्रसारण गर्न नेपाल एफएमले अग्रणी भूमिका खेल्यो । यसले सरकारको आदेशको अवज्ञा गर्दै र तत्कालीन राजदरबार संवाद सचिवालयबाट राजाको जन्मोत्सवको उपलक्ष्यमा उनको जीवनी प्रसारण गर्न आएको पत्रलाई माध्यम बनाएर २०६२ असार २३ देखि हरेक दिन बिहान ८:०० बजे र साँझ ५:०० बजे *राजधानी खबर* उत्पादन र प्रसारण गर्न थालेको थियो (ढुङ्गेल २०६२ : १४८) । प्रतिक्रिया स्वरूप सरकारले १९ साउनमा नेपाल एफएमको इजाजतपत्र रद्द गर्न सक्ने चेतावनीसहित पत्र पठायो । साउन २४ मा सरकारी आदेशविरुद्ध नेपाल एफएमले रिट दायर गरेपछि साउन २६ मा सर्वोच्चले समाचार बजाएकोमा इजाजत रद्द गर्न नमिल्ने अन्तरिम आदेश जारी गऱ्यो । यसको भोलिपल्टदेखि अझ एक कदम अगाडि बढेर नेपाल एफएमले पत्रपत्रिकाको खबर समेटिएको आधा घण्टाको

---

[९] उज्यालोका सुनिल न्यौपानेसँग २०६५ असोज २५ मा गरिएको कुराकानीमा आधारित ।

कार्यक्रम *नेपाल डायरी* बिहान ६:०० बजे प्रसारण गर्न थाल्यो (ढुङ्गेल २०६४ : १८६) । २०६२ भदौमा *नेपाल डायरी* बिहान ६:०० र साँझ ६:०० बजे बज्न थाल्यो । साँझको *नेपाल डायरी*मा काठमाडौंमा भएका राष्ट्रिय महत्त्वका समाचार प्रसारण हुन्थे । साउन २६ पछि बिस्तारै अरू रेडियो स्टेसनले पनि समाचार उत्पादन र प्रसारण गर्न थाले । तर २०६२ असोज २३ मा अध्यादेश[१०] आएपछि नेपाल एफएमबाहेक सबैले समाचार बन्द गरे । नेपाल एफएमले भने यही अध्यादेश आइसकेपछि साँझ ६:०० को *नेपाल डायरी*लाई *नेपाल समाचार* नाम दिएको थियो । २०६२ भदौदेखि नै सप्तकोशी, कालिका र रेडियो पालुङले पनि नेपाल एफएमका *नेपाल डायरी* र साँझ ६:०० को *नेपाल खबर* बजाउन थालेका थिए । यो टेलिफोन हाइब्रिडमार्फत वितरण गरिन्थ्यो ।[११]

२०६३ साउनसम्ममा बिहान ६:०० बजे *नेपाल डायरी,* बिहान ९:००, मध्याह्न १२:००, अपराह्न ३:००, साँझ ६:०० बजे *नेपाल समाचार* र बिहान ८:००, १०:०० र ११:०० बजे, दिउँसो १:००, २:००, ४:०० र साँझ ५:०० बजे *राजधानी खबर* प्रसारण हुन्थे । त्यसैबेला यस नेटवर्कले इजरायलको स्याटलाइट टेलिस्टार टेनमार्फत करिब ११ ओटा एफएम रेडियो स्टेसनमा रेडियो सामग्री पठाउँथ्यो ।[१२]

यस नेटवर्कले पनि उज्यालोले झैँ तीनतीन घण्टामा राष्ट्रिय महत्त्वको समाचार दिने नीति लिएको छ । *राजधानी खबर* काठमाडौँका स्थानीय समाचार मात्र बजाउने उद्देश्यले सुरु गरिएको थियो । उज्यालोमा *नेपाल दर्पण* भएझैँ नेपाल एफएममा *नेपाल सेरोफेरो* छ जुन २०६५ असोज १ बाट सुरु भएको हो । यो हरेक साँझ ८:०० बजेदेखि आधा घण्टासम्म बज्ने रेडियो पत्रिका हो । यसलाई 'दिनभरिको समाचार र समाचारको विश्लेषण' भनेर विज्ञापन गरिएको छ ।

नेपाल एफएम नेटवर्क र उज्यालो ९० नेटवर्क समाचारको समय र शैली मिल्दोजुल्दो देखिन्छ (हेर्नुहोस् तालिका ३.१ र ३.३) । नेपाल एफएमको *नेपाल डायरी, नेपाल समाचार, नेपाल दर्शन, नेपाल सेरोफेरो* र उज्यालोको क्रमशः *कायाकैरन, नेपाल खबर, खबर चौतारी, नेपाल दर्पण*को उद्देश्य र संरचनाबीच धेरै हदसम्म समानता छ ।

---

[१०] 'सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२' नाम दिइएको यस अध्यादेशले सञ्चारसम्बन्धी छ ओटा ऐनलाई संशोधन गरेको थियो । यसले राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन गरेर एफएम रेडियोलाई समाचार दिनबाट सदाका लागि वञ्चित गर्न खोजेको थियो ।

[११] विष्णुहरि ढकालसँग २०६५ कात्तिक २२ मा गरिएको कुराकानीमा आधारित ।

[१२] विष्णुहरि ढकालसँग २०६५ असोज १४ मा गरिएको कुराकानीमा आधारित ।

**तालिका ३.३ : नेपाल एफएम नेटवर्कमा बज्ने समाचारको विवरण**

| समय | समाचार | भाषा |
|---|---|---|
| ६:००-६:३० | नेपाल डायरी | नेपाली |
| ६:३०-७:०० | नेपाल दर्शन | नेपाली |
| ८:००-८:१५ | राजधानी खबर | नेपाली |
| ९:००-९:१५ | नेपाल समाचार | नेपाली |
| १०:००-१०:१० | राजधानी खबर | नेपाली |
| ११:००-११:१० | राजधानी खबर | नेपाली |
| १२:००-१२:१० | नेपाल समाचार | नेपाली |
| १३:००-१३:१० | राजधानी खबर | नेपाली |
| १४:००-१४:१० | राजधानी खबर | नेपाली |
| १५:००-१५:१५ | नेपाल समाचार | नेपाली |
| १६:००-१६:१० | राजधानी खबर | नेपाली |
| १७:००-१७:१० | राजधानी खबर | नेपाली |
| १८:००-१८:३० | नेपाल समाचार | नेपाली |
| १९:००१९:१५ | रेडियो नेपालको समाचार | नेपाली |
| २०:००-२०:३० | नेपाल सेरोफेरो | नेपाली |
| २१:००-२१:१० | नेपाल समाचार | नेपाली |
| २२:००-२२:१० | राजधानी खबर | नेपाली |

स्रोतः नेपाल एफएम नेटवर्कको २०६५ कात्तिकको रेकर्डमा आधारित ।

नेपाल एफएम नेटवर्कमा पनि काठमाडौँ बाहिरका स्थानीय रेडियोको सामग्री बज्ने कार्यक्रम *नेपाल दर्शन* छ । यो कार्यक्रम २०६२ फागुनमा सुरु भएको थियो । हरेक दिन बिहान ६:३० देखि ७:०० बजेसम्म बज्ने यस कार्यक्रमले त्यस बेला काठमाडौँ उपत्यकाबाहिर के भइरहेको छ भन्ने विषयमा जानकारी दिन्थ्यो ।[१३] २०६३ असारतिर यसमा रेडियो भेरी आवाज एफएम, नेपालगञ्ज; बुटवल एफएम, बुटवल; सप्तकोशी एफएम, सुनसरी; रेडियो भेरी एफएम, सुर्खेत; पश्चिमाञ्चल एफएम, पाल्पा; सिनर्जी एफएम, चितवन; माछापुच्छ्रे एफएम, पोखरा र कञ्चनजङ्घा एफएम, झापा सहभागी थिए । *नेपाल दर्शन*ले 'अब सिंहदरबारले सुन्नैपर्छ' भन्ने नारा लिएको छ (हेर्नुहोस् तस्बिर ३.२) । यस कार्यक्रममा भाग लिन काठमाडौँ बाहिरका एफएम रेडियोले नेपाल एफएमको टोल फ्रि टेलिफोनमा फोन गर्नुपर्छ । यसमा नेपाल एफएम नेटवर्कमा सम्बन्धित नभएका रेडियोले पनि भाग लिन मिल्छ ।

नेपाल एफएम नेटवर्कमा प्रसारित *सेतीकाली, अर्थको सेरोफेरो* जस्ता कार्यक्रममा पनि समाचार समावेश गर्ने गरिएका छन् । *सेतीकाली*मा सुदूरपश्चिमसम्बन्धी

---

[१३] सरोज दाहालसँग २०६५ असोज १४ मो गरिएको कुराकानीमा आधारित ।




तस्बिर ३.२ : आफ्ना समाचार बुलेटिनबारे नेपाल एफएम नेटवर्कले गरेको विज्ञापन (स्रोत : *मूल्याङ्कन* २०६४ असार-साउन)।

र *अर्थको सेरोफेरो*मा आर्थिक समाचार समेटिन्छन्। २०६५ असोजको पहिलो हप्तामा नेपाल एफएम नेटवर्कका तीन तीन घण्टाका समाचार काठमाडौँबाहिरका ३८ ओटा एफएम स्टेसनमा बज्ने गरेका थिए।[१४] यस नेटवर्कमा रहेका केही रेडियो स्टेसनले काठमाडौँका श्रोताका लागि उत्पादन गरिएका *राजधानी खबर* पनि प्रसारण गरिरहेका छन्।

नेपाल एफएमबाट प्रसारित सबै समाचार नेपाली भाषामा छन्। २०६३ वैशाखपछि निकालिएको यस एफएमको ब्रोसियरमा भने “नेपाल भाषा, मैथिली, तामाङ, भोजपुरी लगायतका भाषा र विषयगत विषयवस्तुमा गरी यसले हरेक दिन २० भन्दा बढी समाचार बुलेटिन प्रसारण गर्दछ” भनिएको छ। यस नेटवर्कका विष्णुहरि ढकालका अनुसार त्यस बेला अरू भाषामा पनि समाचार बनाउने सोचाइ थियो। हाल यो सोचाइ फेरिइसकेको छ। अहिले यस एफएमले नेपाली बाहेकका भाषामा समाचार नबजाउने नीति लिएको छ। ढकालका विचारमा स्थानीय भाषामा समाचार बजाउने जिम्मा स्थानीय रेडियो स्टेसनको हो।[१५]

---

[१४] यो सङ्ख्या पनि नेटवर्कको विस्तारसँगै बढ्दै गएको छ। फागुन अन्तसम्ममा यो सङ्ख्या ४८ पुगिसकेको छ।

[१५] विष्णुहरि ढकालसँग २०६५ असोज १४ मा भएको कुराकानी।

### ***समाचार समिति***

उज्यालो ९० नेटवर्क र नेपाल एफएम नेटवर्कका समाचारमा सम्पादकीय स्वतन्त्रता नेटवर्क सञ्चालकमा मात्र रहेको हुन्छ । यी समाचार छान्ने अधिकार स्थानीय रेडियोलाई हुँदैन । यी दुई नेटवर्कको समाचारको विकल्पका रूपमा केही रेडियो स्टेसनले समाचार समितिलाई प्राथमिकता दिइरहेका छन् । रेडियो सगरमाथाका स्टेसन म्यानेजर घमराज लुइँटेलका अनुसार यस्ता नेटवर्कमा प्याकेज[१६] गरिएको समाचार प्रसारण गर्न मिल्दैन । एउटै राष्ट्रिय समाचारमा समावेश गरिने सामग्रीको मात्रा ठाउँअनुसार फरक हुन्छ । कुन समाचार कति दिने भन्ने निर्णय गर्ने अधिकार स्थानीय रेडियो स्टेसनसँग हुन आवश्यक छ ।[१७] पत्रकार विनयकुमार कसजू पनि नेपालका एफएम रेडियोले सम्पादकीय स्वतन्त्रलाई त्यति महत्त्व नदिएको विचार राख्छन् । उनका विचारमा स्थानीय रेडियोलाई यी नेटवर्क भन्दा बढी मात्रामा समाचार समितिको खाँचो छ ।[१८]

राष्ट्रिय समाचार समिति (रासस) र स्वतन्त्र समाचार सेवा[१९]ले काठमाडौँ बाहिरका एफएम रेडियो स्टेसनलाई इन्टरनेटमार्फत समाचार सेवा प्रदान गरिरहेका छन् । तर उनीहरू दुवैले आवाज पठाएका छैनन् । स्वतन्त्र समाचार सेवाले २०६२ तिर आवाज सहितको समाचार पठाउन थालेको थियो । त्यसबेला त्यस्ता फाइलको साइज ठूलो भएर डाउनलोड गर्न गाह्रो हुने भएकाले र रेडियो स्टेसनले आवाजको उपयोग नगरेकाले पनि अहिले आवाज नपठाइएको कुरा नेपाल एफएमका विष्णुहरि ढकालले बताए ।[२०]

नेपालका ३६ ओटा एफएम रेडियो स्टेसन राससको समाचारको ग्राहक भएका छन् । राससको समाचार किन्नेमा काठमाडौँभित्रका रेडियो सगरमाथा,

---

[१६] समाचारवाचक र समाचारसम्बन्धी व्यक्ति वा स्थानको आवाज मिसाउने प्रक्रियालाई प्याकेज भनिन्छ ।

[१७] घमराज लुइँटेलद्वारा २०६५ मङ्सिर ५ मा मार्टिन चौतारीद्वारा आयोजित 'सामुदायिक रेडियोको नेटवर्क किन ?' विषयक छलफलमा व्यक्त विचार ।

[१८] विनय कसजूसँग २०६५ असोज १८ मा गरिएको कुराकानी ।

[१९] २०६१ माघ १९ पछि एफएम रेडियोमा समाचारमा प्रतिबन्ध लगाएपछि निकालिएका रेडियोकर्मीको सहयोगमा स्वतन्त्र समाचार सेवा २०६१ चैतमा सुरु भएको थियो । त्यस बेला त्यो मिडिया सर्भिसेज इन्टरनेसनलले चलाएको थियो । अहिले यसको स्वामित्व नेपाल स्वतन्त्र समाचार सेवा नामक संस्थामा छ । संस्था फरक भए पनि यसको व्यवस्थापनमा नेपाल एफएम नेटवर्ककै व्यक्ति पनि छन् । यस नेटवर्कका विष्णुहरि ढकाल नेपाल एफएमले अहिले यस सेवासँग सहकार्य गरिरहेको जानकारी दिन्छन् । नेपाल एफएम नेटवर्ककै रेडियोकर्मी स्वतन्त्र समाचार सेवामा पनि कार्यरत छन् । यसले अहिले एफएम रेडियोका साथै ३५ देखि ४० पत्रपत्रिकालाई समेत सेवा दिइरहेको छ ।

[२०] विष्णुहरि ढकालसँग २०६५ मङ्सिर २४ मा गरिएको कुराकानी ।

भ्वाइस अफ युथ, इमेज एफएम, सिजेएमसी एफएम र उज्यालो ९० नेटवर्क पर्छन् । यसबापत प्रत्येक रेडियोले महिनामा १,५०० रुपियाँ तिनुपर्छ ।[२१] स्वतन्त्र समाचार सेवा नेपालका २६ ओटा एफएम रेडियो स्टेसनले प्रयोग गरिरहेका छन् । यसबापत उनीहरूले महिनाको १,००० देखि २,००० रुपियाँसम्म तिर्नुपर्छ । नेपाल एफएमका विष्णुहरि ढकालका अनुसार स्वतन्त्र समाचार सेवा लिने २६ मध्ये करिब ५/६ ओटा एफएम रेडियो स्टेसनले मात्र पैसा तिरिरहेका छन् । केही रेडियो स्टेसनले तिर्न सके पनि तिरेका छैनन् भने कोही तिर्नै नसक्ने अवस्थामा छन् । उनका विचारमा नेपालमा रेडियोका लागि समाचार समिति चलाउन त्यति सजिलो छैन । पहिला एफएम आफैँचाहिँ टिक्न सक्नु पऱ्यो, त्यसपछि मात्र यस्ता समाचार समिति चलाउन सकिन्छ ।[२२] त्यसैले नेटवर्कको प्याकेज समाचारको विकल्प हुन सक्ने समाचार समिति स्थानीय रेडियोको अवस्था कमजोर भएकाले र त्यसमा आवाज नहुनाले यो उपयोगी हुन सकेको छैन ।

## समाचारको जनशक्ति र यसमा भएको लगानी

समाचारको विषयवस्तु र गुणस्तर यी नेटवर्कमा काम गर्ने जनशक्तिको योग्यता, उनीहरूले पाउने पारिश्रमिक र सुविधामा भर पर्छ । यस खण्डमा उज्यालो ९० नेटवर्क र नेपाल एफएम नेटवर्कको समाचार उत्पादनमा प्रयोग भइरहेका जनशक्ति, तिनको योग्यता, पारिश्रमिक र सुविधाका बारेमा चर्चा गरिएको छ । यस खण्डलाई दुई उप खण्डमा बाँडिएको छ ।

### *जनशक्तिको योग्यता र पारिश्रमिक*

*उज्यालो ९० नेटवर्क*

२०५७ भदौमा *कायाकैरन* सुरु हुँदा दुईजना मात्र पत्रकार संलग्न थिए : गोपाल गुरागाईं र मण्टेश्वरी राजभण्डारी । यसबाहेक कम्यूनिकेशन कर्नरका अन्य कार्यक्रम उत्पादन गर्ने जिम्मा पनि यी दुईजनाकै थियो । बिस्तारै समाचार बुलेटिनको सङ्ख्या बढ्दै गएपछि कम्यूनिकेशन कर्नरले सन् २००४ तिर आफ्नो समाचार समूह बनायो । यसका सम्पादक सुरेश आचार्य थिए । यस समूहमा पाँच विकास क्षेत्रका एक एक प्रतिनिधि र काठमाडौँका १३ जना गरी १८ पत्रकार थिए । क्षेत्रीय स्तरमा संवाददाता छान्ने क्रममा स्थानीय रेडियोसँग सल्लाह

---

[२१] राससका लेखा प्रमुख रुद्रमणि अधिकारीसँग २०६५ मङ्सिर २४ मा गरिएको कुराकानीमा आधारित ।

[२२] विष्णुहरि ढकालसँग २०६५ मङ्सिर २४ मा गरिएको कुराकानी ।

लिइएको थियो । पछि संवाददाता बनाउने क्रम विकास क्षेत्रबाट विस्तार भएर जिल्ला जिल्लासम्म पुग्यो । जिल्लास्तरका संवाददाता छनोट गर्दा सम्भव भएसम्म *कायाकैरन* र *नेपाल दर्पण* बजाउने रेडियो स्टेसनमा काम गर्ने पत्रकारलाई प्राथमिकता दिइयो । ती रेडियोका पत्रकार नपाइएमा उनीहरूले सिफारिस गरेका व्यक्तिलाई संवाददाता बनाइयो । गोपाल गुरागाईंका अनुसार यसो गर्नुको मुख्य कारण रेडियो नेटवर्क र स्थानीय रेडियोबाट प्रसारण हुने समाचारमा तथ्यगत त्रुटि नहोस् भन्ने थियो ।[२३] अहिले यस नेटवर्कमा काठमाडौंमा ३० जना र ६४ जिल्लामा ६५ जना संवाददाता छन् ।[२४] सुरुमा पाँच विकास क्षेत्रका संवाददातालाई मासिक तलबमा नियुक्त गरिएको थियो । उनीहरूले समाचार पठाए पनि नपठाए पनि तलब दिइन्थ्यो । अहिले काठमाडौं बाहिरका यसका संवाददाताको हैसियत स्ट्रिङ्गरको हो । यसको मतलब उनीहरूले पठाएको समाचार नेटवर्कमा उपयोग भयो भने मात्र पैसा पाउँछन् । उनीहरूले एउटा समाचारको ५० देखि १५० रुपियाँ पाउँछन् । आवाजसहितको रेडियो रिपोर्टका लागि १५० देखि ६०० रुपियाँसम्म दिने गरिएको छ ।

काठमाडौंमा काम गर्ने अधिकांश संवाददाता भने पूर्णकालीन हुन् । यी ३० जनामा धेरैजसो पत्रकारले समाचारबाहेक अरू कार्यक्रमको पनि जिम्मा लिएका छन् । नेपाल भाषाको समाचारका लागि तीन, तामाङ भाषाका लागि दुई र अङ्ग्रेजीका लागि तीन जना पत्रकार कार्यरत छन् । नेपाल भाषाको कार्यक्रम *नेपाः बुखं*को जिम्मा पाएका पत्रकारले नेपाल भाषाकै कार्यक्रम *लहना* पनि चलाउने गरेका छन् । तामाङ र अङ्ग्रेजी भाषाको समाचारमा कार्यरत जनशक्ति भने यस नेटवर्कमा आंशिक रूपमा मात्र काम गर्छन् ।

सुरुमा पाँच विकास क्षेत्रका पाँच संवाददाता छनोट गर्दा योग्यतामा ध्यान दिइएको थिएन । कम्यूनिकेशन कर्नरले पत्रपत्रिकामा आवद्ध र रेडियोमा काम गर्न इच्छुक व्यक्तिलाई लिएको थियो । अरू संवाददातालाई छान्ने क्रममा एक जिल्लामा दुईतीन जनाको कामको मूल्याङ्कन गरेर एकजनालाई लिइएको थियो । अहिले भने यस नेटवर्कमा पूर्णकालीन गर्ने पत्रकारको निश्चित योग्यता र तह तोकिएको छ । यस नेटवर्कमा पत्रकारको छ ओटा तह छः प्रशिक्षार्थी पत्रकार, सहायक संवाददाता, संवाददाता, वरिष्ठ संवाददाता, कार्यकारी कार्यक्रम निर्माता

---

[२३] गोपाल गुरागाईंसँग २०६५ असोज १२ भएको कुराकानी ।

[२४] सुनिल न्यौपानेसँग २०६५ असोज १५ मा गरिएको कुराकानीअनुसार झापामा दुईजना संवाददाता छन् ।

र प्रमुख सम्पादक । सहायक संवाददाता बन्नका लागि पत्रकारितामा प्रमाणपत्र तह वा नेपाल प्रेस इन्स्टिच्यूट अथवा मिडिया प्वाइन्टको तालिम आवश्यक हुन्छ । वरिष्ठ संवाददाता हुनका लागि स्नातक तह उत्तीर्ण आवश्यक छ ।[२५] कुन व्यक्तिलाई कुन तहको जिम्मेवारी दिने भन्ने कुरा उसको शैक्षिक योग्यता, विषयको ज्ञान, रेडियो पत्रकारितामा उसले बिताएको समयमा भर पर्छ ।[२६]

यस नेटवर्कका गोपाल गुरागाईंका अनुसार यी पत्रकारको न्यूनतम तलब ४,०००[२७] रुपियाँ र अधिकतम २५,००० रुपियाँ छ । यसका अलावा दुर्घटना बिमा, बिदा, यातायात अनि सञ्चार खर्च, सञ्चयकोष आदिको पनि व्यवस्था छ । एक वर्ष काम गरेको वा राम्ररी काम गरेको आधारमा पदोन्नतिको व्यवस्था पनि छ ।[२८] पारिश्रमिकसँगै तालिम पनि त्यति नै आवश्यक हुन्छ । रेडियो पत्रकारितासम्बन्धी राम्रो तालिम दिने संस्थाको अभाव छ (गुरागाईं २०६५ : २७-२९) । त्यसैले यो नेटवर्कले आफ्ना पत्रकारलाई आफैंले तालिम दिन्छ । उज्यालोले सुरुमा पाँच विकास क्षेत्रका संवाददाता राख्दा उनीहरूलाई सात दिनको तालिम दिएको थियो । संविधान सभाको निर्वाचनका समयमा विराटनगर, पोखरा र नेपालगञ्जमा तालिम दिइएको थियो । राम्रो काम गर्ने केही पत्रकारलाई रिपोर्टका बारेमा छुट्टै तालिम दिएको थियो । तैपनि यस नेटवर्कले आफ्ना पत्रकारलाई नियमित रूपमा तालिम र पुनर्ताजगी तालिम दिन सकेको छैन । स्ट्रिङ्गरका हकमा यो कुरा झन् बढी मात्रामा लागू हुन्छ ।

### *नेपाल एफएम नेटवर्क*

सुरुमा कम्यूनिकेशन कर्नरले तयार पार्ने समाचारमा मात्र भर परेको नेपाल एफएमले २०६२ असारपछि आफ्नो छुट्टै समाचार समूह बनायो । *राजधानी खबर* सुरु गर्न थाल्दा समाचार तयार गर्ने काममा विनोद ढुङ्गेल, सरोज दाहाल र प्रभाती कार्की संलग्न थिए । अहिले ५९ जिल्लामा यसका संवाददाता छन् । नेपाल एफएम नेटवर्कले पनि काठमाडौंबाहिर स्ट्रिङ्गर मात्र राखेको छ । यसमा एउटा समाचार प्रयोग भएबापत वाग्मती अञ्चलका स्ट्रिङ्गरले ५० रुपियाँ र अरू अञ्चलका स्ट्रिङ्गरले ७५ रुपियाँ पाउने गरेका छन् । आवाजसहितको

---

[२५] गोपाल गुरागाईंसँग २०६५ कात्तिक २२ मा गरिएको कुराकानीमा आधारित ।

[२६] सुनिल न्यौपानेसँग २०६५ कात्तिक २५ मा गरिएको कुराकानीमा आधारित ।

[२७] गुरागाईंले २०६५ माघ १२ मा दिएको जानकारीअनुसार यो पारिश्रमिक लिनेमा प्रशिक्षार्थी पत्रकार पर्दछन् जुन पदमा हाल कोही पनि कार्यरत छैनन् ।

[२८] गोपाल गुरागाईंसँग २०६५ कात्तिक २२ मा गरिएको कुराकानी ।

रिपोर्टको ३०० रुपियाँ दिने गरिएको छ । यस नेटवर्कमा २२ जना पूर्णकालीन पत्रकार छन् । यी र बाहिरका अधिकांश पत्रकार स्वतन्त्र समाचार सेवामा पनि काम गर्छन् ।

यस नेटवर्कको पत्रकार तथा कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी व्यवस्थाअनुसार यसले काठमाडौँका पूर्णकालीन पत्रकारका पाँच तह छुट्ट्याएको छ : सहायक संवाददाता, संवाददाता, वरिष्ठ संवाददाता, सहायक सम्पादक र सम्पादक । हरेक तहका लागि फरकफरक योग्यता तोकिएको छ । सहायक संवाददाताका लागि उच्च माध्यामिक तह उतीर्ण वा एक वर्ष पत्रकारिता गरेको अनुभव हुनुपर्ने प्रावधान छ भने संवाददाताका लागि स्नातक तह उत्तीर्ण गरेको, कम्तीमा एक वर्ष सम्बन्धित विषयमा कामको अनुभव गरेको र तालिम लिएको हुन आवश्यक छ । त्यसै गरी, वरिष्ठ संवाददाता हुन स्नातक तह उत्तीर्ण भई कम्तीमा तीन वर्ष सम्बन्धित विषयमा काम गरेको अनुभव भएको, सम्पादनलगायत एड्भान्स्ड तालिम लिएको हुनुपर्छ । सहायक सम्पादक बन्न स्नातक तह उत्तीर्ण भई पाँच वर्ष काम गरेको अनुभव अनि सम्पादनलगायत विषयमा एड्भान्स्ड तालिम लिएको हुनुपर्दछ । सम्पादक हुन भने स्नातक उत्तीर्ण भई १० वर्ष काम गरेको र सम्पादनलगायतका विषयमा एड्भान्स्ड तालिम लिएको हुन आवश्यक छ ।[२९]

यहाँ कार्यरत पत्रकारको न्यूनतम पारिश्रमिक ५,५०० रुपियाँ र अधिकतम १३,५०० रुपियाँसम्म तोकिएको छ । यसका साथै विदा, दुर्घटना बीमा, अतिरिक्त कामको अतिरिक्त तलब जस्ता सुविधाको पनि व्यवस्था छ ।[३०] दुई वर्ष काम गरेको र आन्तरिक मूल्याङ्कनमा उच्च अङ्क ल्याउनेलाई पदोन्नतिको व्यवस्था पनि छ । वर्षमा तीन पटक तालिम आयोजना गर्ने कार्यतालिका रहे पनि विविध कारणले तालिम हुन नसकेको नेपाल एफएम नेटवर्कका सरोज दाहालले बताए । उनका अनुसार नेपाल एफएमले भाषासम्बन्धी एक पटक र रेडियोसम्बन्धी दुई पटक तालिम दिएको थियो ।[३१] यस नेटवर्कले काठमाडौँ बाहिरका स्थानीय रेडियोका पत्रकारलाई रेडियोमा काम गर्दै सिक्ने अवसर (अन द जब ट्रेनिङ) पनि दिने गरेको छ । यस्तो तालिम करिब २१० व्यक्तिले पाइसकेका छन् । त्यसक्रममा

---

[२९] विष्णुहरि ढकालसँग २०६५ असोज २२ मा गरिएको कुराकानीमा आधारित ।

[३०] यद्यपि रेडियोको आर्थिक समस्याका कारण कर्मचारीले समयमा पारिश्रमिक पाउन नसकिरहेको यस स्टेशनका कतिपय रेडियोकर्मीले गुनासो गरेका छन् ।

[३१] सरोज दाहालसँग २०६५ असोज १४ मा गरिएको कुराकानी ।

उनीहरूले प्राविधिक तथा पत्रकारितासम्बन्धी ज्ञान पाउँछन् ।[३२] यसरी तालिम पाउनेमध्ये अधिकांशले यही नेटवर्कसम्बद्ध रेडियो स्टेसनमा काम गर्ने गरेका छन् । नेटवर्कमा आवद्ध भएका एफएम रेडियो स्टेसनलाई निश्चित क्षेत्रको जिम्मा लगाएर समाचार आदानप्रदान गरिएको छ । यसो हुँदा प्रत्यक्ष वा परोक्ष रूपमा यी व्यक्ति नेपाल एफएम नेटवर्कको समाचार निर्माणमा सहयोग पुऱ्याइरहेका हुन्छन् ।

*दुवैका साझा समस्या*

यी दुवै नेटवर्कमा काठमाडौं बाहिरका अधिकांश पत्रकार आंशिक काम गर्छन् । केन्द्रीय नेटवर्कमा कार्यरत जनशक्तिले पनि रेडियो पत्रकारितामा दक्षता बढाउने नियमित तालिम र पुनर्ताजगी तालिम पाएका छैनन् । धेरै पत्रकारसँग आवाज रेकर्ड गर्ने उपकरणसम्म छैन । नेपाल एफएम नेटवर्कका सरोज दाहालका अनुसार सो नेटवर्कले स्ट्रिङ्गरलाई राम्रो पारिश्रमिक दिन सकेको छैन । स्थानीय रेडियोमा संलग्न नभएका स्ट्रिङ्गरमा यस्तो समस्या देखिएकाले अबदेखि सो नेटवर्कले यस्तो रिपोर्ट बनाउन स्थानीय रेडियोको सहयोग लिन लागेको छ ।[३३] चितवनको नारायणगढमा २०६५ असोज ७-८ मा भएको नेपाल एफएम नेटवर्कको प्रथम राष्ट्रिय सम्मेलनमा पनि देशभरिबाट सफ्ट न्यूज र रिपोर्ट प्रसारण गर्न योजना बनाउनेबारे छलफल भएको थियो ।[३४]

उज्यालो ९० नेटवर्कका धेरै स्ट्रिङ्गरसँग पनि रेकर्डर छैन् । तर केहीले भने नेटवर्कमा काम गरेपछि रेकर्डर किने । यी नेटवर्कले देशभरिको राष्ट्रिय समाचार सङ्कलन र प्रसारण गर्ने गरेका छन् । तर बिट छुट्याएर काम गर्ने चलन छैन । समाचार उत्पादनमा कार्यरत जनशक्तिको पारिश्रमिक भने काठमाडौंबाहिरका अधिकांश एफएम रेडियो स्टेसनका जनशक्तिको भन्दा बढी छ । पत्रकार सुरेश आचार्यको अध्यक्षतामा बनेको न्यूनतम पारिश्रमिक निर्धारण समितिको प्रतिवेदन (आचार्य २०६५) मा कनिष्ठ संवाददाताको पारिश्रमिक ६,६०० रुपियाँ हुनुपर्ने सिफारिश गरिएको छ । यी नेटवर्कले वरिष्ठ संवाददातासम्मलाई दिएको पारिश्रमिक समितिले निर्धारण गरेको न्यूनतम पारिश्रमिकभन्दा कम छ । उज्यालो नेटवर्कका प्रमुख सम्पादकले पाएको पारिश्रमिक पारिश्रमिक समितिले निर्धारण गरेको बढी छ ।[३५] नेपाल एफएम नेटवर्कका सम्पादकको तलब भने समितिले तोकेभन्दा कम छ ।

---

[३२] विष्णुहरि ढकालसँग २०६५ असोज १४ मा गरिएको कुराकानी ।

[३३] सरोज दाहालसँग २०६५ कात्तिक २३ गरिएको कुराकानी ।

[३४] त्यस सम्मेलनको रापोर्टमा आधारित ।

[३५] नेपाल सरकारले यस समितिले तोकेको न्यूनतम पारिश्रमिक लागू गरेको छैन ।

नेटवर्कमा जनशक्तिको पनि कमी छ । निश्चित बीट छुट्ट्याएर सो बीटको मात्र समाचार लेख्ने अभ्यास कम छ । उज्यालोमा न्यायालय, जलस्रोत, संविधानसभा, महिला, स्वास्थ्य, अर्थ जस्ता बिट मात्र छुट्ट्याइएका छन् । उज्यालोका सुनिल न्यौपानेका अनुसार रेडियोमा कार्यरत सबै पत्रकारको स्पष्ट बिट छुट्ट्याउन सम्भव छैन, त्यसो गर्नका लागि पर्याप्त संवाददाता छैनन् ।[३६] नेपाल एमएममा भने एक जनाका भागमा करिब तीन ओटा बीट पर्छन् । उदाहरणका लागि तिलक सुनार प्राकृतिक स्रोत, दलित र जनजाति विषय हेर्छन् भने शीतल दाहाल भूमिसुधार, युवा तथा विद्यार्थी सङ्गठन र साहित्य हेर्छिन् । उनीहरू धेरै जसोले समाचार शाखामा मात्रै काम गर्छन् ।[३७]

## *जनशक्तिमा गरिने लगानीको स्रोत*

धेरै एफएम रेडियोका सञ्चालक तत्काल प्रतिफल नपाइने ठाउँमा लगानी गर्न चाहँदैनन् । समाचारबाट पनि तत्काल प्रतिफल नआउने हुँदा समाचार तयार गर्ने जनशक्तिमा यस्ता सञ्चालकले चासो दिँदैनन् । समाचार शाखामा काम गर्ने जनशक्तिको पारिश्रमिक र सुविधाको मुख्य स्रोत समाचारका बीचमा बजाइने विज्ञापन र ती विज्ञापन उत्पादन गरेबापत पाइने रकम हुन् । कम्यूनिकेशन कर्नरले उज्यालो ९० नेटवर्क सुरु गर्नु अगाडि स्थानीय रेडियोलाई आफ्ना समाचार बुलेटिन बेच्थ्यो । तर आफ्नै एफएम सुरु भएपछि भने उसले ३० मिनेटको समाचारमा तीन ओटा विज्ञापनको स्लट बजाउने नियम बनाएको छ । यी मध्ये पहिलो र दोस्रो स्लटका विज्ञापन उज्यालो नेटवर्कले जुटाउँछ र त्यसको आम्दानी पनि उसकै हुन्छ । तेस्रो स्लटका विज्ञापन भने स्थानीय रेडियोले राख्न पाउँछन् र त्यो आम्दानी तिनीहरूकै हुन्छ । दस मिनेटको समाचारमा बजाइने एउटै मात्र विज्ञापन काठमाडौँबाटै प्रसारण गरिन्छ । यस्तो विज्ञापन नेटवर्कका सबै रेडियो स्टेसनले बजाउनै पर्ने प्रावधान छ । पहिलो स्लटको विज्ञापन शुल्क[३८] दोस्रो स्लटको भन्दा बढी छ । ६० सेकेण्डको पहिलो विज्ञापन स्लटको शुल्क

---

[३६] सुनिल न्यौपानेसँग २०६५ असोज १५ मा गरिएको कुराकानी ।

[३७] सरोज दाहालसँग २०६५ असोज १४ मा गरिएको कुराकानी ।

[३८] २०६५ असोजको पहिलो हप्तातिर यो विज्ञापनको रेटकार्ड उपलब्ध गराइएको हो । २०६५ कात्तिकमा यस रेटकार्डमा हेरफेर गरिएको थियो । जसअनुसार *कायाकैरन* र *नेपाल दर्पण*का सुरुका दुई विज्ञापन स्लटमा ६० सेकेण्डको विज्ञापन गर्न रु. ६,००० लाग्छ । बिहान ९:०० बजेको *नेपाल खबर*, मध्यान्ह १२:०० बजेको *नेपाल खबर*, दिउँसो ३:०० बजेको *नेपाल खबर* र साँझ ६:०० बजेको *नेपाल खबर*मा यही दर क्रमश: रु. २,३००, रु. ३,३००, रु. ४,२०० र रु. ३,६०० छन् ।

६,००० रुपियाँ छ भने दोस्रो स्लटको दर ४,५०० रुपियाँ छ । तर नेटवर्कमा नबज्ने समाचारको बीचमा बज्ने विज्ञापन शुल्क ६०० रुपियाँ र त्यसको ३० प्रतिशत छ ।

उज्यालो नेटवर्कको समाचार प्रसारण गर्ने स्थानीय रेडियोमा पनि सो नेटवर्कका *कायाकैरन, नेपाल दर्पण, नेपाल खबर* बज्ने समयको विज्ञापन दर बढी छ । उदाहरणका लागि, रेडियो तुलसीपुरले आफ्नो प्रसारण समयलाई 'ए', 'बी' र 'सी'मा छुट्ट्याएको छ । बिहान ६:०० देखि १०:०० बजे र बेलुका ५:०० देखि राति ९:०० बजेको समयलाई 'ए' भनिएको छ । बिहान ५:०० देखि ६:०० बजे अनि राति ९:०० देखि १०:०० बजेको समय 'बी' र बिहान ५:०० देखि ६:०० बजे र राति ९:०० देखि १०:०० बजेको समय 'सी' हो । 'ए' 'बि' र 'सि' मा ६० सेकेण्डको विज्ञापन शुल्क क्रमश: ६०० रुपियाँ, ४५० रुपियाँ र ३०० रुपियाँ छ । विशेष समाचारका नाममा नेटवर्कका समाचारको अगाडि, बीचमा वा अन्तिममा विज्ञापन प्रसारण गर्नु परे साबिकको दरमा क्रमश: २५ प्रतिशत, ३५ प्रतिशत र २० प्रतिशत बढी शुल्क लाग्छ ।[३९]

नेपाल एफएम नेटवर्कका जनशक्तिले पाउने पारिश्रमिक र सुविधाको मुख्य आर्थिक स्रोत यस नेटवर्कमा बज्ने विज्ञापन नै हो । यस नेटवर्कले काठमाडौँबाहिरका स्थानीय रेडियोका लागि पनि विज्ञापन खोज्छ । यस नेटवर्कको समाचारमा सबै रेडियोमा अथवा कुनै निश्चित ठाउँको रेडियोमा मात्र पनि विज्ञापन गर्न मिल्छ । नेटवर्कका सबै रेडियोमा प्रसारण गरिने विज्ञापनको दर सबैभन्दा बढी छ । यस नेटवर्कको विज्ञापन शाखाका दिनेश खतिवडाका अनुसार नेटवर्कका सबै रेडियो स्टेसनबाट बजाउने ६० सेकन्डको विज्ञापनको दर ५,६०० रुपियाँ हो ।[४०] यस नेटवर्कको रेटकार्डअनुसार नेपाल एफएममा मात्र बज्ने समाचारमा बज्ने विज्ञापन शुल्क १,५०० रुपियाँ मात्र हो । नेपाल एफएम नेटवर्कमा सम्बद्ध खप्तड एफएम रेडियोले समाचारको अगाडि र बीचमा प्रसारण गरिने विज्ञापनको दर अरू समयको विज्ञापनको दरभन्दा बढी राखेको छ । यस रेडियोले आफ्नो प्रसारण अवधिलाई साधारण, मुख्य र विशेषगरी तीन समयमा बाँडेको छ । बिहान ५:३० देखि बिहान ६:१५ बजे सम्म, राति ८:०० बजे देखि राति ११:३० बजेसम्म र आइतबारदेखि शुक्रबारसम्मको बिहान ११:०० देखि ३:०० सम्मको समय साधारण हो । आइतबारदेखि शुक्रबारसम्मको बिहान ९:०० बजेदेखि बिहान ११:०० बजे

---

[३९] यस रेडियो स्टेशनले उपलब्ध गराएको ब्रोसियरमा आधारित ।

[४०] दिनेश खतिवडासँग २०६५ मङ्सिर २६ मा गरिएको कुराकानी ।

र दिउँसो ३:०० देखि साँझ ६:१५ बजे अनि शनिबारको बिहान ११:०० बजेदेखि दिउँसो ३:०० बजेसम्मको समय भने मुख्य हो। आइतबारदेखि शुक्रबारको बिहान ६:१५ देखि बिहान ९:०० बजे र साँझ ६:१५ बजेदेखि साँझ ८:०० बजेसम्म अनि शनिबार बिहान ६:१५ देखि बिहान ११:०० बजेसम्म र दिउँसो ३:०० बजेदेखि राति ८:०० बजेसम्मको समय विशेष हो। ६० सेकेण्डको विज्ञापन प्रसारण गर्न साधारण समयमा ४२० रुपियाँ, मुख्य समयमा ५२५ रुपियाँ, विशेष समयमा ५८८ रुपियाँ र समाचारको अगाडि वा बीचमा ६३० रुपियाँ लाग्छ।[४१] हुन त धेरै एफएम रेडियोले रेटकार्डमा उल्लेखित दरभन्दा सस्तोमा विज्ञापन प्रसारण गर्छन्। यसरी समाचार तयार गर्ने नेटवर्कका लागि समाचार तयार गर्न लागेको लगानी उठाउने मुख्य स्रोत समाचारमा बज्ने विज्ञापन हो भने। समाचारमा बज्ने विज्ञापन स्थानीय रेडियोका पनि महत्त्वपूर्ण आर्थिक स्रोत हुन्।

## समाचार उत्पादन प्रक्रिया र विषयवस्तु विश्लेषण

समाचारमा कार्यरत जनशक्तिमा गरिएको लगानी र उनीहरूमा भएको सीपको प्रतिफल नै यी नेटवर्कका समाचार हुन्। यसै तथ्यलाई ध्यान दिएर यस खण्डमा यी समाचार उत्पादन प्रक्रिया, प्याकेजिङ अनि विषयवस्तुका राम्रा नराम्रा पक्षलाई केलाइएको छ। यस क्रममा दुई किसिमका समाचारको चर्चा गरिएको छ : केन्द्रमा रहेको नेटवर्कको स्टुडियोबाट स्थानीय रेडियोमा जाने र स्थानीय रेडियोबाट केन्द्रमा आउने। यस खण्डमा केन्द्रीय नेटवर्कका *कायाकैरन, नेपाल डायरी, नेपाल दर्पण, नेपाल सेरोफेरो* र यी नेटवर्कमा भित्रिने काठमाडौँबाहिरका रेडियोका कार्यक्रम *खबर चौतारी* र *नेपाल दर्शन*को चर्चा गरिएको छ।

### *केन्द्रबाट स्थानीय रेडियोमा जाने समाचार सामग्री*

यी दुई नेटवर्कमा केन्द्रबाट स्थानीय रेडियोमा जाने कार्यक्रम *कायाकैरन/ नेपाल डायरी* र *नेपाल दर्पण/ नेपाल सेरोफेरो* मात्र होइनन्। यी उदाहरण मात्र हुन्। *कायाकैरन* नेटवर्कको पहिलो कार्यक्रम भएकाले यो नेटवर्कको समाचारको पर्याय भएको छ। नेटवर्कका लागि अरू समाचार उत्पादन गर्ने बाटो पनि यसैले खोलेको हो। यो मुख्यतः पत्रपत्रिकामा आधारित कार्यक्रम हो। नेपाल एफएमको *नेपाल डायरी* पनि पत्रपत्रिकामा आधारित कार्यक्रम हो। *नेपाल दर्पण/ नेपाल सेरोफेरो*

---

[४१] यस रेडियोले उपलब्ध गराएको ब्रोसियरमा आधारित।

भने रेडियो म्यागेजिन हुन् । दुई प्रकृतिका यी कार्यक्रम दुई नेटवर्कमा एकै समयमा प्रसारण गरिन्छन् जुन काठमाडौँबाहिरका एफएम रेडियोका श्रोताले मन पराएका छन् (हेर्नुहोस् अध्याय ४) । त्यसैले यी दुवै कार्यक्रम अध्ययन गरिएका हुन् ।

यी नेटवर्कमा हरेक घण्टा बज्ने समाचार तयार गर्न समाचार टिममा भएका सबै पत्रकारले मिलेर काम गर्नुपर्ने हुन्छ । आज कुन विषयमा के कार्यक्रम भइरहेको छ, त्यहाँ कसलाई पठाउने जस्ता विषयमा हरेक दिन हुने नियमित सम्पादकीय बैठकमा छलफल हुन्छ । उज्यालो ९० नेटवर्कमा सधैँ बिहान १०:०० बजे र नेपाल एफएम नेटवर्कमा बिहान ९:०० बजेको *नेपाल समाचार*पछि यस्तो छलफल हुन्छ । यसमा सबै पत्रकारले कभर गर्न लागेको सम्बन्धित विषयका बारेमा छलफल हुन्छ । त्यस दिन बेलुका प्रसारण हुने *नेपाल दर्पण/ नेपाल सेरोफेरो*का विषय के के हुन्छन्, काठमाडौँ बाहिरका कस्ता विषयलाई राख्न मिल्छ, त्यसका लागि कुन स्ट्रिङ्गरलाई काम लगाउने अनि अर्को दिनको *कायाकैरन/ नेपाल डायरी*मा कुन रिपोर्ट बजाउन मिल्छ, यस्ता सम्भावित समाचार, रिपोर्ट, अन्तर्वार्ता, लाइभ रिपोर्ट, लाइभ अन्तर्वार्ताबारे यी मिटिङमा छलफल हुन्छ ।[४२]

यी नेटवर्कमा बज्ने राष्ट्रिय समाचारको मुख्य स्रोत आफ्नै संवाददाता हुन् । उज्यालो ९० नेटवर्कले राससबाट पनि समाचार लिन्छ । नेपाल एफएम नेटवर्कले स्वतन्त्र समाचार सेवाको समाचार उपयोग गर्छ । यी दुवै नेटवर्कले अन्य राष्ट्रिय सञ्चार माध्यमका समाचार पनि उपयोग गर्छन् । जस्तै कुनै राष्ट्रिय टेलिभिजनले कुनै समाचार ब्रेक गर्‍यो भने थप विवरणसहित समाचार प्रसारण गर्छन् । काठमाडौँ बाहिरको घटना वा विषय हो भने थप जानकारी र पुष्टिका लागि आफ्ना संवाददाता वा नेटवर्कमा सम्बद्ध रेडियोका पत्रकारसँग पनि सोधपुछ गर्छन् । अन्तर्राष्ट्रिय समाचारका लागि भने बीबीसी, सिन्ह्वा र अरू समाचार संस्थाका वेवसाइटमा भर पर्छन् । अधिकांश वेवसाइट हेर्न शुल्क तिर्नु पर्दैन ।

### *कायाकैरन/नेपाल डायरी*

उज्यालोमा *कायाकैरन*का लागि पत्रपत्रिकाबाट समाचार छान्न र समाचार लेख्न चार जनाको समूह छ । प्रत्येक दिन यस समूहका ३ जना पत्रकार बिहान ५:३० बजे सम्ममा कार्यालय आइपुग्छन् । त्यस बेलासम्म सबैजसो राष्ट्रिय पत्रिका

---

[४२] उज्यालोका सुनिल न्यौपानेसँग २०६५ कात्तिक २५ र नेपाल एफएम नेटवर्कका सरोज दाहालसँग २०६५ कात्तिक २३ मा गरिएको कुराकानीमा आधारित ।

आइसकेका हुन्छन् । उनीहरूले समाचारको महत्त्वलाई हेरेर पत्रपत्रिकाका समाचारलाई १,२,३... नम्बर दिन्छन् । हेडलाइन लेख्छन् । अनि यी समाचारलाई रेडियोको भाषामा ढाल्छन् । यसक्रममा कहिलेकाहीँ सफ्ट न्यूजका रूपमा आएको समाचारलाई हार्ड न्यूज पनि बनाउने गरिन्छ, अनादरार्थी शब्दका ठाउँमा आदरार्थी शब्द राखिन्छ । एउटै मुद्दालाई धेरै पत्रिकाले विभिन्न कोणबाट कुरा उठाएको छ भने दुई वा तीन ओटा पत्रिकाबाट समाचारको महत्त्वपूर्ण अंश लिइन्छ ।

पत्रपत्रिकामा आधारित कार्यक्रम भए पनि *कायाकैरन*मा रेडियो रिपोर्ट पनि बज्ने गरेको छ । सुरुको १० मिनेटमा पत्रपत्रिकामा छापिएका सामग्री वाचन गरिन्छ । यसक्रममा कहिलेकाहीँ पत्रपत्रिकामा प्रकाशित समाचारको अंशमै समाचारसम्बन्धी आवाजका साना अंश वा बाइट पनि मिसाइन्छ । यसो गर्दा पत्रिकाको समाचारको अंश त्यस समाचारको स्क्रिप्ट बन्छ । यसपछिको अर्को १० मिनेटमा रेडियो रिपोर्ट र अन्तर्वार्ता बज्ने गर्दछ । यसमा कहिलेकाहीँ *एसिया कलिङ*[४३] को रिपोर्टलाई नेपालीमा अनुवाद गरी प्रसारण गर्ने गरिन्छ । अन्तिम १० मिनेटमा मानवीय अभिरुचिका समाचार, अन्तर्राष्ट्रिय समाचार, खेलकूद समाचार, संक्षिप्त समाचार, उखान, कार्टुन प्रसारण गरिन्छ । उखान बाहेकका सामग्री त्यही दिनको प्रकाशित पत्रपत्रिकाबाट लिइन्छ । यस्ता कार्टुन र उखान धेरै श्रोताले मन पराएको जानकारी उज्यालोका सुनिल न्यौपानेले दिएका छन् ।[४४] समाचारमा भन्न नसकेका तर श्रोता आफैँले भन्न चाहेका विषयमा बनाइएका यस्ता कार्टुन र त्यही दिनलाई सुहाउने उखान यस कार्यक्रममा छान्ने गरिन्छ ।[४५]

*कायाकैरन*मा विभिन्न सामाचारलाई कसरी प्याकेजिङ गरिन्छ भन्ने अध्ययन गर्न २०६५ असोज ३ को कार्यक्रमलाई लिन सकिन्छ । बजेट प्रस्तुत हुने त्यस दिन *कायाकैरन*को मुख्य समाचारका शीर्षकमा बजेट, प्रधानमन्त्रीको भारत भ्रमण र नेपाल बार एसोसियसनका अध्यक्ष विश्वकान्त मैनालीलाई अदालतमा

---

[४३] *एसिया कलिङ* सन् २००८ मार्चदेखि उज्यालोमा बज्न थालेको हो । यो इन्डोनेसियाको रेडियो समाचार समिति केबिआरसिक्सएटएचले उत्पादन गर्छ । यस संस्थाले हरेक हप्ता शुक्रबार एसियाका विभिन्न मुद्दामा आठ ओटा रेडियो रिपोर्ट उज्यालो ९० नेटवर्कमा पठाउँछ । यी रिपोर्ट सबै हरेक शनिबार दिउँसो १ बजेको समाचारपछि २ बजेसम्म अङ्ग्रेजीमा प्रसारण गरिन्छ । यी रिपोर्टबाट छानेर अनुवाद गरिन्छ । यस अनुवादका लागि यस समितिले पैसा पनि दिने गरेको छ । केबिआरसिक्सएटएचको एफएम बाहेक १२० भन्दा बढी रेडियो स्टेशनबाट यो कार्यक्रम प्रसारण गरिन्छ ।

[४४] सुनिल न्यौपानेसँग २०६५ असोज १५ मा भएको कुराकानी ।

[४५] सोहम सुवेदीसँग २०६५ कात्तिक २० मा गरिएको कुराकानीमा आधारित ।

बहस गर्न सर्वोच्च अदालतले लगाएको प्रतिबन्ध थिए (हेर्नुहोस् तालिका ३.४)। त्यसैले दैनिक पत्रिका *कान्तिपुर* र *अन्नपूर्ण पोष्ट*का बजेटसम्बन्धी समाचारका अंश पढेपछि अर्थमन्त्री बाबुराम भट्टराई, नेपाली काँग्रेसका मीनेन्द्र रिजाल र एमालेका अग्नी खरेलको बजेटसम्बन्धी टिप्पणीसहितको बोमलाल गिरीको रिपोर्ट बजाइएको छ। त्यस लगत्तै बजेटसम्बन्धी अघिल्लो राति गरिएको पत्रकार सम्मेलनबारे *कान्तिपुर* र *नेपाल समाचारपत्र*मा छापिएको समाचारको अंश पढिएको छ। त्यस्तै, दोस्रो विज्ञापनपछि प्रधानमन्त्रीको भारत भ्रमणबारे *कान्तिपुर*को समाचारको अंशमा भ्रमणबाट फर्के लगत्तै त्रिभुवन विमानस्थलमा प्रधानमन्त्रीको बोली सहितको अब्दुल्लाह मियाँको रिपोर्ट प्रसारण गरिएको छ। अनि नेविसङ्घको कार्यक्रममा नेपाली काँग्रेस पार्टीका सभापति गिरिजाप्रसाद कोइरालाले गरेको प्रधानमन्त्रीको आलोचनाबारे *नेपाल समाचारपत्र*को अंशमा कोइरालाको बोली पनि मिसाएको छ। तर बार अध्यक्ष मैनालीको समाचारमा भने आवाज छैन। यसरी *कायाकैरन*मा सकेसम्म पत्रपत्रिकामा प्रकाशित समाचारको अंश र त्यही विषयसँग सम्बन्धित मानिसका बोली मिसाइन्छ। नियमित खण्ड उखानमा 'हात्ती आयो हात्ती आयो फुस्सा' लाई समेटिएको छ। *राजधानी* दैनिकमा प्रकाशित उत्तम नेपालको बार र बेञ्चसम्बन्धी कार्टुनका बारेमा पनि बताइएको छ।

उज्यालोमा जस्तै नेपाल एफएम नेटवर्कमा पनि *नेपाल डायरी*को जिम्मा बिहानको सिफ्टमा काम गर्ने पाँच जनालाई दिइएको छ। तीमध्ये तीन जना पत्रकार प्रत्येक बिहान ५:१५ देखि ५:३० बजेसम्ममा नेटवर्कको कार्यालयमा आइसक्छन्। यति बेलासम्ममा काठमाडौँबाट प्रकाशित हुने राष्ट्रिय दैनिक आइसकेका हुन्छन्। *नेपाल डायरी*का विभिन्न खण्डका लागि चाहिने चाहिने समाचार उनीहरूले छान्छन्। हेडलाइन लेख्छन्। उज्यालोमै जस्तो एउटै मुद्दालाई धेरै पत्रिकाले विभिन्न कोणबाट उठाएका छन् भने यी समाचारका मुख्य अंशलाई मात्र समाचारमा समेटिन्छ। यसैक्रममा पत्रिकाको भाषालाई रेडियोको भाषामा ढालिन्छ।

*नेपाल डायरी* मूलत: पत्रपत्रिकामा आधारित कार्यक्रम हो जसको सुरुको करिब २० मिनेटमा राष्ट्रिय समाचार समेटिन्छ। यसपछिको १० मिनेटमा भने अन्तर्राष्ट्रिय समाचार, खेलकूद समाचार, पत्रपत्रिकामा प्रकाशित लेख र सम्पादकीयका बारेमा बताइन्छ। पहिले *नेपाल डायरी* टिमलाई उपयुक्त लागेको सम्पादकीय वा लेखको मुख्य अंश पढ्ने चलन थियो। तर २०६५ कात्तिकको अन्तिम हप्तादेखि यो चलन हटाइएको छ। यसको सट्टा पत्रिका परिक्रमा खण्डमा पत्रपत्रिकामा छापिएका छोटा समाचार समेट्न थालिएको छ। शनिबार भने आर्थिक समाचार पनि प्रसारण गरिन्छ। शनिवार आर्थिक समाचारसहितको *अर्थको सेरोफेरो* प्रसारण नहुने भएकाले यस्तो

तालिका ३.४ : *कायाकैरन* र *नेपाल डायरी*का
२०६५ असोज ३ का प्रमुख समाचार

| कायाकैरन | नेपाल डायरी |
|---|---|
| १. माओवादी नेतृत्वको सरकारको महत्त्वाकाङ्क्षी बजेट आज, आकार ठूलो हुने । | १. केही नयाँ कार्यक्रमका साथ २३८ अर्ब रुपियाँको महत्त्वाकाङ्क्षी बजेट आज प्रस्तुत गरिँदै, जनताको अपेक्षाअनुसार बजेट ल्याउन नसकिने अर्थमन्त्री डा भट्टराईको भनाइ । |
| २. भारत भ्रमण अपेक्षा गरेभन्दा बढी सफल भएको प्रधानमन्त्रीको दावी, तर प्रधानमन्त्रीले भ्रम मात्रै बाँडेको पूर्व प्रधानमन्त्री कोइरालाको आरोप । | २. भारत भ्रमण अपेक्षा गरे भन्दा पनि बढी सफल रहेको प्रधानमन्त्री प्रचण्डको दाबी, प्रधानमन्त्री प्रचण्डले समाजवादका नाममा मुलुकलाई शब्द जालमा फसाउन खोजेको काँग्रेस सभापति कोइरालाको आरोप । |
| ३. बार अध्यक्ष मैनालीलाई अदालतमा बहस गर्न प्रतिबन्ध, प्राकृतिक न्यायको सिद्धान्त विपरीत आदेश भएको दावी । | ३. बार अध्यक्ष मैनालीलाई ६ महिनासम्म नेपाल भरिका अदालतमा बहस पैरवी गर्न प्रतिबन्ध, प्रतिबन्ध गैरकानूनी भएको कानूनविदहरूको टिप्पणी । |
| ४. तिब्बतमा हिंसात्मक दङ्गा, १३ जनाको मृत्यु, चीनमा नक्कली दुध बेच्ने १२ जना पक्राउ । | ४. सत्ता साझेदारीले आफूलाई हिनताबोध गराएको जिम्बाबेका राष्ट्रपति मुगावेको भनाइ, नेटोको नेतृत्वमा रहेको फौजी आक्रमणमा अफगान राष्ट्रपति कारजाईको सहयोगीको मृत्यु । |
| ५. १३ बङ्गलादेशी क्रिकेटरमाथि १० वर्षको प्रतिबन्ध, इण्डियन क्रिकेट लिगसँग आबद्ध भएको आरोप । | ५. खेल क्षेत्रमा नयाँ संरचना निर्माणको माग गर्दै खेलकूद कर्मचारीहरूद्वारा मन्त्रीलाई सुझावपत्र, १३ जना बङ्गलादेशी क्रिकेटर माथि १० वर्षको प्रतिबन्ध । |

स्रोतः सम्बन्धित नेटवर्क ।

गरिएको हो । २०६५ कात्तिकको अन्तिम हप्तादेखि अघिल्लो राति *नेपाल सेरोफेरो*मा प्रसारित एक दुई ओटा रिपोर्टलाई *नेपाल डायरी*मा दोहोऱ्याउन थालिएको छ ।

*कायाकैरन* र *नेपाल डायरी*ले पत्रपत्रिकामा प्रकाशित समाचारमात्र होइन पत्रपत्रिकाले समेट्न नसकेका बिहान सबेरैका घटनाको ताजा समाचार पनि प्रसारण गर्छन् । उदाहरणका लागि २०६५ असोज ३ को अङ्कमा यी दुवै कार्यक्रमले त्यही बिहान ५ बजे धादिङमा भएको बस दुर्घटनासम्बन्धी समाचार प्रसारण गरेका थिए । यो समाचार प्रसारण गर्न *कायाकैरन*ले नेपाल डायरीलाई उछिनेको छ । यसले आफ्नो धादिङ संवाददाता केशव अधिकारीसँग फोनमा कुरा गरेर जानकारी लिएको थियो । उज्यालो ९० नेटवर्कमा यो समाचार हेड लाइनको ब्रेकपछि प्रसारण गरिएको थियो । तर *नेपाल डायरी*मा यो समाचार हेड लाइन ब्रेकपछि दुई ओटा समाचार प्रसारण भइसकेपछि मात्र प्रसारण गरिएको छ ।

*कायाकैरन* र *नेपाल डायरी*ले उठाउने गरेका विषयमा त्यति भिन्नता छैन । तालिका ३.४ मा दिइएका मुख्य समाचारबाट पनि यो कुरा प्रस्ट हुन्छ । भिन्नता यिनीहरूको प्रस्तुतिमा हो । अध्ययन गरिएका *नेपाल डायरी*का पाँच ओटा अङ्कमध्ये एउटा समाचारमा मात्र सम्बन्धित व्यक्तिको बोली समेटिएको थियो ।

यो २०६५ असोज ११ मा विराटनगरमा भएको लुटपाट बारेमा सहयोगी विनोद ढुङ्गेलसँग गरिएको सोधपुछ थियो । *नेपाल डायरी*मा यस्ता आवाज धेरै नहुनुमा पत्रकार जिम्मेवार रहेको नेपाल एफएम नेटवर्कका विष्णुहरि ढकाल बताउँछन् । उनका अनुसार पत्रिकाको समाचार मात्र छानेर पढ्न सजिलो छ । यसो गर्न पत्रकार बानी परिसकेका छन् । त्यसैले २०६६ बाट पत्रिकाको समाचार नपढ्ने योजना बनाएको कुरा उनले बताए । पत्रिकाका कुनै समाचार बासी भइसक्ने हुँदा यस्ता समाचार दोहोर्‍याउनु उपयुक्त नहुने उनको विचार छ ।[४६] हुन त कहिलेकाहीँ बेलुका *नेपाल सेरोफेरो*मा बजाइसकेको रेडियो रिपोर्ट पनि *नेपाल डायरी*मा बजाउने गरिएको छ ।

२०६५ असोज ३ को *कायाकैरन*मा जसरी पत्रिकाका धेरै समाचारमा सम्बन्धित आवाज मिसाइएको छ, असोज ५, ७, ९ र ११ को कार्यक्रममा त्यसरी मिसाइएको छैन । असोज ५ मा बाढीसम्बन्धी पत्रिकाको समाचारपछि कैलालीबाट स्ट्रिङ्गर शिवराज भट्टबाट ताजा जानकारी लिइएको छ । तर हेडलाइन ब्रेकपछि अर्को ब्रेक नआएसम्म प्रसारित अरू समाचारमा सम्बन्धित आवाज मिसाइएको छैन । असोज ७ र ९ मा त हेडलाइन ब्रेकपछि अर्को ब्रेक नआएसम्म प्रसारित समाचार कुनैमा पनि आवाज छैन । तर २०६५ असोज ११ को *कायाकैरन*मा भने हेडलाइन ब्रेकपछि नै विराटनगरमा भएको लुटपाटसम्बन्धी विषयमा स्ट्रिङ्गर विक्रम लुइँटेलबाट ताजा जानकारी लिइएको छ ।

पत्रपत्रिकाको समाचारमा भर पर्नु परेकाले पनि कम आवाज समेटिएको हो । अर्को समय पनि कम हुन्छ । कहिले त पढ्दापढ्दै नै रेडियोको भाषामा ढालिन्छ । स्क्रिप्ट पनि कहिलेकाहीँ पूरा भएको हुँदैन । त्यसैले पनि यी दुवै कार्यक्रममा बोल्दा अक्मकिने र गल्ती उच्चारण हुने हुन्छ ।[४७]

*कायाकैरन*मा काठमाडौं बाहिरका रिपोर्टलाई अझ बढी ठाउँ दिनुपर्ने विचार उज्यालोका सोहम सुवेदीको छ । पाँच दिनको कार्यक्रममा अनेरास्ववियूको महाधिवेशनबारेमा पोखराबाट रत्ना गुरुङले बनाएको रिपोर्टमा मात्र विभिन्न विद्यार्थी नेताको आवाज समेटिएको छ । गोरखामा माओवादी विद्रोहका क्रममा राज्यबाट वेपत्ता पारिएका व्यक्तिबारे ७ असोजमा रिपोर्ट प्रसारण गरिएको छ । तर यो काठमाडौंबाट शशिचन्द्र पोखरेल गोरखा गएर भीमलाल श्रेष्ठको सहयोगमा बनाएका हुन् ।

---

[४६] विष्णुहरि ढकालसँग २०६५ असोज १४ मा गरिएको कुराकानी ।

[४७] उज्यालोका सोहम सुवेदीसँग २०६५ कात्तिक ५ मा गरिएको कुराकानीमा आधारित ।

पत्रपत्रिकामा आश्रित भएकाले यी कार्यक्रमले पत्रपत्रिकाको खोजमूलक समाचारका मुख्य अंशलाई प्रसारण गर्न पाएका छन् । यसो गरेबापत उनीहरूले लगानी गर्नुपर्दैन । यो कार्यक्रमको सकारात्मक पक्ष हो । तर पत्रिकाको र रेडियोको भाषा फरक हुन्छ । त्यसैले यस्ता समाचारलाई रेडियोको भाषामा ढाल्नुपर्छ । पत्रिकाको समाचारले रेडियोको स्वाद दिन सक्दैन । हुन त राष्ट्रिय पत्रपत्रिकामा के प्रकाशित भए भन्ने रुचि धेरैलाई हुन्छ । पत्रपत्रिकाको समाचार रेडियोमा प्रसारण गर्ने चलन पनि काठमाडौंका रेडियोले बनाएका हुन् ।

### *नेपाल दर्पण/नेपाल सेरोफेरो*

उज्यालो ९० नेटवर्कले *नेपाल दर्पण*लाई 'बदलिँदो नेपालको प्रस्ट तस्बिर' भन्ने नारा दिएर विज्ञापन गरेको छ । नेपाल एफएम नेटवर्कले पनि 'दिनभरिका समाचार, समाचारको विश्लेषण' भन्दै *नेपाल सेरोफेरो*को विज्ञापन गर्छ । यिनीहरूमा समाचार विश्लेषण प्रसारण गरिन्छ । एउटा विषयमा विभिन्न दृष्टिकोण समेटेर बनाइएको रिपोर्टलाई नै समाचार विश्लेषण भनिएको हो । यस्ता रिपोर्ट यी कार्यक्रममा कम्तीमा दुई ओटासम्म बज्ने गरेका छन् । *नेपाल सेरोफेरो* २०६५ असोज १ मा मात्र सुरु भएको हो । *नेपाल दर्पण* र *नेपाल सेरोफेरो*को प्रकृति मात्र होइन प्रसारण हुने समय पनि एउटै छ । तर यिनीहरूमा हुने खण्ड भने फरक फरक छ ।

*नेपाल दर्पण* सुरु हुँदा एउटै मुद्दालाई तीन ओटा फरक कोणबाट उठाएर रिपोर्ट बनाउने गरिएको थियो । अहिले यस्तो गरिँदैन । दुवै कार्यक्रममा राष्ट्रिय, अन्तर्राष्ट्रिय, खेल समाचार, रिपोर्ट समेट्ने गरिएको छ । *नेपाल दर्पण*मा एसएमएस पोल र *एसिया कलिङ*को रिपोर्ट पनि समावेश गरिएका छन् । शनिबार यसमा कलासम्बन्धी 'रङ्ग दर्पण' नामक र बुधबार श्रोताको पत्रसम्बन्धी 'पत्र दर्पण'का छुट्टै खण्ड छन् । *नेपाल सेरोफेरो*मा हरेक दिन श्रोताका पत्र समावेश गरिन्छ । यसमा अन्तर्राष्ट्रिय समाचारको खण्डलाई 'आजको विश्व' नामाकरण गरिएको छ । *नेपाल दर्पण* र *नेपाल सेरोफेरो* दुवैमा कहिलेकाहीँ अन्तर्वार्ता प्रसारण गरिन्छन् । यी दुवै कार्यक्रममा बजाइने राष्ट्रिय समाचारलाई साँझ ६ बजे प्रसारण गरिने *नेपाल समाचार* र *नेपाल खबर*सँग तुलना गर्दा केही सामग्री दोहोरिन्छ । यी दुवै नेटवर्कका प्रतिनिधि यी सामग्री काठमाडौँ बाहिरका श्रोतालाई ध्यान दिएर तयार गरेको बताउँछन् ।[४८] उनीहरूका अनुसार दिनभरिको राष्ट्रिय

---

[४८] नेपाल एफएम नेटवर्कका सरोज दाहालसँग २०६५ कात्तिक २३ र उज्यालोका सुनिल न्यौपानेसँग २०६५ कात्तिक २५ मा गरिएको कुराकानीमा आधारित ।

र अन्तर्राष्ट्रिय मुख्य समाचार समेटिएका यी कार्यक्रम अरू समाचार बुलेटिन नसुन्ने गाउँका जनताका लागि तयार पारिएका हुन् । नेपाल एफएम नेटवर्कका विष्णुहरि ढकाल त *नेपाल सेरोफेरो*मा बज्ने समाचार नै अर्को दिनको राष्ट्रिय पत्रिकाको मुख्य समाचार बन्ने गरेको दाबी गर्छन् ।[४९] यो दाबीमा सत्यता नभएको पनि होइन । अर्को कुरा यी कार्यक्रममा दुई ओटा रिपोर्टलाई जोड्न खोजिएको हुन्छ । उदाहरणका लागि २०६५ असोज ५ को *नेपाल सेरोफेरो*मा प्रसारण गरिएका तीन ओटा रिपोर्टलाई लिन सकिन्छ । यो तालिका ३.५ मा दिइएको *नेपाल सेरोफेरो*को क्यू सिटमा पनि छ । त्यसदिन सुदूरपश्चिमका नागरिकले बाढीका कारण भोग्नुपरेको पीडाको एउटा रिपोर्ट थियो । अर्को रिपोर्ट भने इन्द्रजात्राको बजेट कटौती गरिएको भन्ने कुरा सावर्जनिक भएपछि गरिएको सडक अवरोधका कारण राजधानीबासीले पाएको सास्तीबारे थियो । त्यसपछिको रिपोर्ट शान्ति दिवसको थियो । यसरी यी तीन ओटा रिपोर्ट प्रस्तुत गर्ने क्रममा पहिलो पीडा, सास्तीपछि वास्तविक शान्ति भन्ने शब्दको प्रयोगले यी तीन ओटै रिपोर्टलाई जोडेको छ । यसो गर्दा कार्यक्रमप्रति श्रोता आकर्षित हुन्छन् ।

हरेक दिन यी दुई ओटै कार्यक्रममा कम्तीमा दुई ओटा रिपोर्ट बजाउने गरिएको छ । ती मध्ये अधिकांश काठमाडौँका समाचार हुन्छन् वा राजनीतिक नेताले बोलेका विषय हुन्छन् । यसको उदाहरण बजेटबारेमा काठमाडौँमा उपलब्ध नेता तथा अर्थविदको विचार, संविधान सभाको वैठकमा भएका गतिविधि, प्रधानमन्त्रीले संयुक्त राष्ट्र सङ्घमा बोलेका कुरा, महिला आयोगको एक वर्ष आदि हुन् । कहिलेकाहीँ यी कार्यक्रममा काठमाडौँबाहिरका रिपोर्ट पनि प्रसारण गरिएका छन् ।

तालिका ३.५ मा *नेपाल दर्पण* र *नेपाल सेरोफेरो*का क्यूका सुरुका अंश दिइएका छन् । यी क्यू हेर्दा थाहा हुन्छ, सुदूरपश्चिम र मध्यपश्चिममा गएको बाढी दुवैको केन्द्रमा थियो । *नेपाल दर्पण*ले कञ्चनपुर, कैलाली र बर्दियामा बाढीले गरेको क्षति र उद्धार कार्यबारे कञ्चनपुर, कैलाली र बर्दियाका आफ्ना स्ट्रिङ्गरहरूका आवाज बजाएको थियो । तर बाढी पीडित वा उद्धारकार्यमा गएका व्यक्ति कसैको आवाज समेटिएको थिएन । रेडियोको भाषामा यस्ता आवाजविहीन समाचारलाई 'रिडर' भनिन्छ । युनिभर्सिटी अफ मिसिसिपीका सहायक प्राध्यापक ब्रायड सुल्जका अनुसार यस्ता समाचार कम महत्त्वपूर्ण विषयमा या तत्काल भएको ब्रेकिङ् समाचारमा दिइन्छ । यी दुई अवस्थामा बाहेक अरू अवस्थामा यस्ता समाचार प्रसारण गर्न मिल्दैन । किनभने रिडरले

---

[४९] विष्णुहरि ढकालसँग २०६५ असोज १४ मा गरिएको कुराकानी ।

**तालिका ३.५ : *नेपाल दर्पण* र *नेपाल सेरोफेरो*को २०६५ असोज ५ को क्यू सिट**[५०]

| नेपाल दर्पण | नेपाल सेरोफेरो |
|---|---|
| CD/Com - Sign Music up/under<br>M1- नमस्कार !<br>उज्यालो नाइन्टी नेटवर्कमार्फत देशभरिका विभिन्न ४५ ओटा एफएम स्टेसनहरूबाट एकसाथ प्रसारण भैरहेको *नेपाल दर्पण*मा तपाईंलाई ...र ... को हार्दिक स्वागत छ ।<br>Break Music<br>नेपाल दर्पणमा आज हामी प्रस्तुत गर्छौं<br>बाढीका कारण मध्य र सुदुरपश्चिमको जनजीवन अस्तव्यस्त<br>No teaser#<br>स्वतन्त्र रेडियो र यसपालिको बजेट<br>teaser bom<br>तर नेपाल दर्पण सुरु गरौं मुख्य खबरका शीर्षकहरूबाट ।<br>Headline with music fade under<br>M सुदूरपश्चिममा बाढीका कारण ज्यान जानेको सङ्ख्या ३३ पुग्यो ३२ जना बेपत्ता, हजारौं विस्थापित<br>M काठमाण्डुको तनाव साम्य पार्न सरकार र प्रर्दशनकारीबीच वार्ता चल्दै चाडपर्व र जात्राको बजेट कटौती नगरिएको अर्थमन्त्री द्वारा स्पष्ट<br>M नेपाली सेना सदैव समावेशी रहेको प्रधान सेनापतिको भनाइदुई थरि सेना रहेसम्म दीगो शान्ति स्थापना हुन नसक्ने मार्टिनको टिप्पणी<br>M बार र बेन्चको विवाद छिटो अन्त्य गर्नुपर्नेमा न्यायधिश केसीको जोड<br>वकिलहरूद्वारा देशभरका सबै अदालतमा बहस पैरवी ठप्प<br>M र, आङ्कवाद समाप्त पार्ने पाकिस्तानी राष्ट्पति जर्दारीको प्रतिवद्धता<br>पाकिस्तानको विष्फोटमा चेक गणतन्त्रका राजदूतको ज्यान गएको पुष्टि । | M1 नमस्कार !<br>नेपाल एफएम नेटवर्कको *नेपाल सेरोफेरो* मा तपाईलाई हार्दिक स्वागत छ । म सरोज दाहाल ।<br>Bridge*<br>M1 दिनभरिको समाचार र समाचारको विश्लेषण *नेपाल सरोफेरो* विभिन्न ३८ ओटा एफएम स्टेसनमार्फत देशैभर प्रसारण भइरहेको छ । हामी नेपाल एफएम ९१.८ को स्टुडियो काठमाण्डुबाट बोलिरहेका छौं ।<br>*नेपाल सेरोफेरो* www.nepalfmnetwork.com मा लगअन गरेर संसारभर प्रत्यक्ष सुन्न सकिन्छ ।<br>Bridge<br>हरेक प्रमुख घटनाको चिरफार अनि खोजमुलक समाचार बिश्लेषणका विविध सामग्रीहरू नेपाल सेरोफेरोमा समेट्ने छौं ।<br>अनि दिनभरिका मुख्यमुख्य अन्तर्राष्ट्रिय घटनाक्रम र त्यसमाथिको सङ्क्षिप्त विश्लेषणसँगै खेलकूदसम्बन्धी सामग्री पनि *नेपाल सेरोफेरो*मा प्रस्तुत हुन्छ ।<br>*नेपाल सेरोफेरो* सुरु गरौं आज प्रस्तुत हुने मुख्य सामग्रीका शीर्षकबाट (अहिलेको धुनसहित प्रत्यक्ष भन्ने)<br>M1 सुदुरपश्चिमका जिल्लामा लगातारको बर्षाले कम्तीमा ३० जनाको ज्यान लियो, हजारौ घरबारबिहिन, उद्धार कार्यमा ध्यान नदिएको भन्दै विभिन्न पक्ष आक्रोशित<br>CLIPS (कैलालीको आवाज)<br>M2 दस वर्ष युद्ध भोगेको नेपालले यस वर्षदेखि शान्ति दिवस मनाउन पायो, शान्ति स्थापनाका लागि जनताको पहल नै उत्तम विकल्प भएको सरकारको निष्कर्ष<br>CLIPS (जनार्दन शर्मा आवाज)<br>M1 एमालेका विद्यार्थी नेता/कार्यकर्ता पोखरामा केन्द्रित, अनेरास्ववियुको नयाँ नेतृत्व सम्हाल्न आवश्यक सङ्ख्याभन्दा तीन दोब्बर उम्मेदवार तयार<br>M1 इन्द्रजात्राको विषयले राजधानीमा बढाएको तनाव हटाउन वार्ता जारी, सरकारले दिने बजेट कायमै रहेको अर्थ मन्त्रीको स्पष्टोक्ति<br>CLIPS (बाबुराम आवाज)<br>साथमा खेलकूद र आजको विश्व पनि । |

स्रोत: सम्बन्धित नेटवर्क ।

* दुई रेडियो सामग्रीको बीचमा बजाइने सङ्गीतको अशंलाई ब्रीज भनिन्छ ।

\# कार्यक्रमका क्रममा समावेश गरिने समाचारसम्बन्धी आवाजको सानो क्लिपलाई टिजर भनिन्छ । यसलाई नेपाल सेरोफेरोमा क्लिप भनिएको छ । यस्ता टिजरले पछि समाचारमा कस्ता सामग्री प्रसारण गरिन्छ भन्ने जानकारी दिन्छ ।

---

५० दुवै नेटवर्कबाट प्राप्त भएको क्यू सिटका अंशमा ह्रस्व दीर्घ मात्र मिलाइएको हो । कार्यक्रमको क्यू सिटमा सो दिनको कार्यक्रमका क्रममा के के सामग्री, विज्ञापन, धुन कसरी समावेश गर्ने भन्ने किसिमको लिखित विवरण हुन्छ । कार्यक्रम प्रस्तोताले कार्यक्रम सञ्चालनका क्रममा यसको प्रयोग गर्छन् ।

श्रोताको मन तानिराख्न सक्दैन (सुल्ज सन् २००५ : ४१) । *नेपाल दर्पण*मा हेडलाइन ब्रेकपछि नै यी तीनै जना स्ट्रिङ्गरलाई उद्धृत गर्दै बाढीले गरेको असरबारे समाचार बजाइएको थियो । शिवराज भट्ट र राजेन्द्र विष्टको रिपोर्टमा सुरुमा दिएको समाचारभन्दा ताजा जानकारी थियो । तर यमनाथ घिमिरेको रिपोर्टमा भने सुरुमा प्रसारण गरिएका सबै तथ्य दोहोऱ्याइएको थियो । उनले छापा माध्यममा प्रयोग हुने शैलीका लामा लामा बोलेका थिए । यी वाक्यलाई सुरुको समाचारमा दुइटा वा तीन ओटा वाक्यमा टुक्रा पारिएको थियो । यो सुनेपछि लाग्छ सुरुमा प्रसारण गरिएको बर्दियामा बाढीको प्रभावबारे समाचार आवश्यक छैन । घिमिरेको वाक्य प्रयोगले उज्यालो ९० नेटवर्कले स्ट्रिङ्गरलाई पर्याप्त तालिम दिन नसकेको पुष्टि गर्छ । झन् शिवराज भट्टको रिपोर्ट र अगाडि प्रसारण गरिएको समाचारको तथ्यमै गल्ती छन् । भट्टलाई उद्धृत गर्दै समाचारमा नेपाल रेडक्रस सोसाइटी कैलालीले चार हजार परिवार बाढीका कारण विस्थापित भएको कुरा प्रसारण गरेको थियो । तर भट्टको रिपोर्टमा चालीस हजार भनिएको थियो । यी समाचारले श्रोतालाई अल्मल्याउँछन् ।

यही कुरा *नेपाल सेरोफेरो*मा पनि लागू हुन्छ । यसमा पनि अरू कसैको आवाज नसमेटी कैलाली र कञ्चनपुरमा बाढीले ल्याएको विनास अनि उद्धार प्रयासका बारेमा स्ट्रिङ्गरका आवाज बजेका थिए ।

त्यही दिनको *नेपाल दर्पण* र *नेपाल सेरोफेरो*मा इन्द्रजात्राको बजेट कटौतीको विवाद पछि अर्थमन्त्रालयमा भइरहेको वार्ताको ताजा जानकारी पनि दिइएको छ । यो काम *नेपाल दर्पण*का लागि सुदिपकुमार ढुङ्गाना र नेपाल सेरोफेरोका लागि प्रेम गौतमले गरेका हुन् । इन्द्रजात्राको बजेट कटौतीका बारेमा *नेपाल सेरोफेरो*मा रामचन्द्र महर्जनको रिपोर्ट पनि प्रसारण गरिएको थियो । यो रिपोर्ट २०६५ असोज ३ मा त्यही दिन सार्वजनिक गरिएको बजेटका बारेमा उनले बनाएको रिपोर्टभन्दा राम्रो थियो । असोज ३ को रिपोर्टमा उनले अर्थमन्त्री डा. बाबुराम भट्टराईले भनेकै कुरालाई आफ्नो रिपोर्टमा दोहोऱ्याएका थिए । बजेट भाषण सकिएको केही समयपछि नै त्यो रिपोर्ट बनाउनु परेकाले यस्तो भएको कुरा महर्जनले बताए ।[५१]

*नेपाल सेरोफेरो*को क्यूमा लेखिएका केही सामग्री त्यस दिन प्रसारण भएनन् । मुख्य समाचारको दोस्रो शीर्षकमा शान्तिमन्त्री जनार्दन शर्माको आवाज बजाइएन तेस्रो समाचारमा पनि आवाज नभएकाले कार्यक्रम सञ्चालक सरोज दाहालले

---

[५१] रामचन्द्र महर्जनसँग २०६५ पुस १० मा गरिएको कुराकानी ।

पहिला चौथो समाचार शीर्षक पढेका थिए । प्रेम गौतमको प्रत्यक्षवार्ताले लामो समय लिएपछि क्यूमा रहेको पोखरामा भइरहेको अनेरास्ववियूको महाधिवेशन सम्बन्धी नविन सिग्देलको रिपोर्टलाई त्यही राति ९:०० बजेको *नेपाल समाचार*मा प्रसारण गर्ने जानकारी गरिएको छ र कार्यक्रमसम्बन्धी श्रोताबाट आएका सुझावलाई पनि सो दिन ठाउँ दिइएन । यसरी सुरुमा प्रसारण गर्छु भनेको कार्यक्रम नदिनु व्यावसायिकताको कमी हो ।

*कायाकैरन/ नेपाल डायरी* र *नेपाल दर्पण/ नेपाल सेरोफेरो*मा स्पष्ट रूपमा देखिने विषय राष्ट्रिय समाचार, खेलकूद र अन्तर्राष्ट्रिय समाचार हुन् (हेर्नुहोस् तालिका ३.४ र ३.५) । समाचारलाई आवाजसहित विश्वसनीय ढङ्गले प्रस्तुत गरिएका छन् । यी आवाजको व्यवस्था स्थानीय रेडियो आफैँले गर्न गाह्रो हुन्छ । यी समाचारले राष्ट्रिय महत्त्वका विषयमा देशभरिका श्रोतालाई जानकारी गराइराखेका छन् ।

अध्ययन अवधिमा यी कार्यक्रममा प्रसारित समाचार विभिन्न विषयका छन्- देशका प्रमुख व्यक्तिहरूसँग जोडिएको समाचार, राजनीतिक दल र दलसँग सम्बन्धित समाचार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका गतिविधि, संविधानसभा बैठक, मृत्यु/अपराध आदि । हुन त यस्तो विभाजनले यी दुवै कार्यक्रममा प्रसारित सबै समाचारलाई समेट्न सक्दैन तर अधिकांश सामग्री हेर्दा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीले बोलेका र गरेका काम प्राथमिकतामा परेका छन् ।

राष्ट्रपति डा. रामवरण यादवले अन्तर्राष्ट्रिय शान्ति दिवसमा दिएको सन्देश अनि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत र अमेरिका भ्रमणका समाचार यी दुवै कार्यक्रममा प्रसारित भए । विभिन्न राजनीतिक दलका गतिविधि र यिनीहरूका नेताका अभिव्यक्तिले यी दुवै कार्यक्रममा ठाउँ पाएका छन् । त्यस्तै युनिसेफ, ट्रान्सपरेन्सी इन्टरनेसनलका गतिविधिका बारेमा समाचार पनि यी कार्यक्रममा बजेका थिए । संविधानसभा वैठकमा के भइरहेको छ भन्ने चासो धेरै नेपाली नागरिकलाई हुन्छ । त्यसैले यसका बारेमा समाचार र रिपोर्टले यी कार्यक्रममा प्राथमिकता पाउने गरेका छन् । हत्या, दुर्घटना, अपहरण, लुटपाट पनि यी कार्यक्रमका समाचारमा आइराख्ने विषय हुन् । यसका साथै नागरिकले भोग्नुपरेका अभाव र पीडाको समाचार पनि यी कार्यक्रममा समेटिएका छन् । सुदूरपश्चिममा आएको बाढी, दशैंको मुखमा हुम्लाको सदरमुकाम सिमीकोटमा खाद्यान्न अभाव आदि विषयमा प्रसारित समाचार यसका उदाहरण हुन् ।

दुवै कार्यक्रममा राष्ट्रिय महत्त्वका विषयमा तत्कालै गरिएका कुराकानी पनि प्रसारण गरिन्छ । संविधानसभा वैठकमा बजेटका बारेमा सभासद्ले टिप्पणी गरेको मात्र होइन, पोखरामा भएको अनेरास्ववियूको महाधिवेशनको पनि प्रत्यक्ष

जानकारी यी कार्यक्रममा प्रसारण गरिएका थिए । यतिमात्र होइन, उज्यालोले *नेपाल दर्पण*मा विभिन्न विषयमा गर्ने एसएमएस मत सर्वेक्षणमा देशभरिका श्रोताले आफ्नो मत जाहेर गर्न सक्छन् । त्यस्तै *नेपाल सेरोफेरो*मा पनि राष्ट्रिय सरोकारका विषयमा आफ्नो विचार पत्र, इमेल या टोल फ्रि टेलिफोनमा रेकर्ड गराउन मिल्छ । राष्ट्रिय महत्त्वका विषयमा बहस चलाउनु र यी विषयका विभिन्न पक्षका बारेमा जानकारी दिनु यी दुवै कार्यक्रमका उद्देश्य हुन् ।

अमेरिकामा दुई ओटा राष्ट्रिय म्यागेजिन र दुई ओटा टेलिभिजनका समाचारबारे समाजशास्त्री हर्वट ग्यानले गरेको अध्ययनले यी सञ्चारमाध्यमले राज्यका नीति निर्माण, राष्ट्रिय राजनीतिमा भूमिका खेल्ने व्यक्तिकै समाचार बढी दिएको नतिजा निकालेका थिए । उनले यस्ता समाचारमा आएका व्यक्ति र विषयलाई तीन भागमा बाँडेका थिए : चिनेको, नचिनेको र जनावर/वस्तु/अमूर्त । चिनेका व्यक्तिमा राजनीतिक, आर्थिक, साँस्कृतिक, सामाजिक हस्ती अनि विभिन्न सरकारी ओहोदामा बहालवाला व्यक्ति पर्छन् । नचिनेका व्यक्तिमा सरकारको विरोध गर्दै गरिने धर्ना, जुलुसका सहभागी; दुर्घटना, विपत्तिबाट पीडित; कानून र सामाजिक मूल्यमान्यता मिच्ने; अनुसन्धान/सर्भेमा देखिएका व्यक्ति आदि पर्छन् । आर्थिक मन्दी, दुर्घटना आदिलाई जनावर/वस्तु/अमूर्तमा राखिएका छन् (ग्यान सन् १९८० : ८-९) । ग्यानको अध्ययनको नतिजा उज्यालो ९० नेटवर्क र नेपाल एफएम नेटवर्कबाट स्थानीय रेडियोमा प्रसारण गरिने राष्ट्रिय समाचारमा पनि लागू हुन्छ । यी समाचारले पनि देशका ठूला पदमा रहेका व्यक्तिसँग सम्बन्धित समाचार बढी दिने गरेका छन् । दुर्घटना, अपराध, प्राकृतिक विपत्तिमा परेपछि मात्र सर्वसाधारण नागरिक समाचारका विषय बनेका छन् ।

यसै कारण नेटवर्कका यी समाचारलाई राष्ट्रिय महत्त्वको समाचार भनेर ठूला व्यक्तिका मात्र समाचार प्रसारण गरेको आरोप पनि लाग्ने गरेको छ । यस्तै विचार सामुदायिक रेडियो सहयोग केन्द्रका रघु मैनालीको पनि छ । उनका अनुसार यस्ता समाचारले केन्द्र नै महत्त्वपूर्ण हो भन्ने पुरानै अवधारणालाई बल दिन्छ । यसले केन्द्रिकृत राज्यको शासन प्रणालीलाई नै बढावा दिन्छ ।[५२] उनकै समर्थन गर्दै भरत भूसाल लेख्छन् :

> ठूला सहरका ठूला मानिसका हरेक गतिविधि समाचार हुन् भन्ने हीन मान्यता एफएम रेडियोमा प्रबल हुँदै गएको छ । कहिले प्रधानमन्त्री र प्रधानसेनापतिबीच भेटघाटजस्ता

---

[५२] रघु मैनालीसँग २०६५ असोज १३ मा गरिएको कुराकानी ।

> हैसियत नै नभएका कुरालाई पनि समाचारका रूपमा श्रोताले सुन्नुपर्ने बाध्यता रहेको छ। स्थानीय रेडियोहरूमा राजधानीप्रेम छ। राजधानीमा भएका बेतुकका कार्यलाई पनि समाचारका रूपमा श्रोतालाई थोपर्ने प्रवृत्तिको होडबाजी छ (भूसाल २०६५ : ७)।

स्थानीय रेडियोका श्रोताका लागि कस्ता समाचार काम लाग्छन् ? कस्ता समाचार काम लाग्दैनन् भन्ने प्रश्नको उत्तर दिन सजिलो छैन। यसका लागि लामो समय लगाएर अध्ययन गर्न आवश्यक छ। अहिलेको यस अध्ययनले यसको उत्तर दिन सक्दैन।

यी कार्यक्रमका केही नराम्रा पक्ष पनि छन्। यी कार्यक्रममा प्रसारित काठमाडौँबाहिरका धेरै रिपोर्टमा स्ट्रिङ्गरको आवाज मात्र हुन्छ। एक प्रकारले ती रिपोर्टिङ मात्र हुन्। घटना वा समाचारसँग सम्बन्धित व्यक्ति वा पक्षको आवाज तिनमा बज्ने गरेको छैन। २०६३ असोज ७ मा *नेपाल सेरोफेरो*मा प्रसारण गरिएको डडेल्धुराबाट बलबहादुर महराले तयार पारेको सुदूरपश्चिममा बाढी पहिरोको असरसम्बन्धी रिपोर्टमा बाढीसम्बन्धी अरू कुनै आवाज समेटिएको छैन। असोज ५ को *नेपाल दर्पण*मा एउटा समाचार एक जनाले पढिसकेपछि अर्का सञ्चालकले त्यही समाचारको पहिलो वाक्य दोहोऱ्याएका छन्।

## *स्थानीयबाट केन्द्रमा जाने समाचार सामग्री*

उज्यालो ९० नेटवर्कको *खबर चौतारी* र नेपाल एफएम नेटवर्कको *नेपाल दर्शन* टेलिफोन हाइब्रिडमार्फत काठमाडौँ बाहिरका रेडियो स्टेसनले उत्पादन गरेका स्थानीय समाचार यी नेटवर्कको काठमाडौँस्थित कार्यालयमा आउँछन्। यसपछि यी सामग्रीलाई स्याटेलाइटमा पठाइन्छ। यी समाचारको सम्पादकीय स्वतन्त्रता काठमाडौँबाहिरका रेडियोसँग हुन्छ।

### *खबर चौतारी/नेपाल दर्शन*

*खबर चौतारी* काठमाडौँमा उज्यालो ९० नेटवर्क र जुन स्टेसनको सामग्री प्रसारण गरिन्छ त्यहीँ मात्र बज्छ। यसका लागि स्थानीय रेडियोले छुट्टै समाचार बनाउँदैनन्। स्थानीय रेडियोका श्रोताका लागि उत्पादन गरिएको समाचार नै यस कार्यक्रममा बज्छ। यसमा भाग लिने एफएम स्टेसन प्रत्येकलाई १५ मिनेट छुट्ट्याइएको हुन्छ। यस कार्यक्रममा एक हप्तामा कुन कुन रेडियो स्टेसनको सामग्री बज्छ भन्ने सूची हुन्छ (हेर्नुहोस् तालिका ३.६)। *खबर चौतारी*मा काठमाडौँबाहिरका एफएम रेडियो स्टेसनको सामग्रीबाहेक कहिलेकाहीँ काठमाडौँबाटै रेडियो रिपोर्ट वा समाचार पनि प्रसारण गरिन्छ।

**तालिका ३.६ : *खबर चौतारी*मा भाग लिएका रेडियो स्टेसन**[५३]

| बार | साँझ ६:१५ | साँझ ६:३० | साँझ ६:४५ |
|---|---|---|---|
| आइतबार | सप्तकोशी एफएम | रेडियो प्युठान | शुक्लाफाँटा एफएम |
| सोमबार | रेडियो राप्ती | रेडियो मर्स्याङ्दी | रेडियो धादिङ |
| मङ्गबार | प्रतिध्वनि एफएम | बुटवल एफएम | शुक्लाफाँटा एफएम |
| बुधबार | धौलागिरी एफएम | छैन | छैन |
| बिहीबार | छैन | छैन | छैन |
| शुक्रबार | रेडियो गोरखा | छैन | छैन |
| शनिबार | छैन | छैन | छैन |

स्रोत: उज्यालो ९० नेटवर्कको २०६५ असोजको रेकर्डमा आधारित ।

*नेपाल दर्शन* नेपाल एफएम नेटवर्कमा बिहान ६:३०-७:०० बजेसम्म बज्ने कार्यक्रम हो जुन करिब १५ ओटा एफएम स्टेसनबाट हरेक दिन बज्छ । यसमा प्रत्येक एफएमले करिब तीन मिनेटको समय पाउने गरेका छन् ।[५४] यसमा भाग लिने स्थानीय रेडियोले नेपाल एफएमको टोल फ्रि फोनमा सम्पर्क गर्छन् । यी रेडियो स्टेसनका सामग्रीबाहेक पत्रपत्रिकामा छापिएका अनि आफ्नै स्ट्रिङ्गरले पठाएका काठमाडौँ बाहिरका समाचार पनि यस कार्यक्रममा बज्छन् । कार्यक्रम सञ्चालकमध्येका एक रामबहादुर रावलका अनुसार दुई कारणले गर्दा यस्तो गरिन्छ । पहिलो, पालो परेको एफएमले फोन नगर्दा । दोस्रो, त्यस कार्यक्रममा सहभागी नभएका क्षेत्रका समाचार प्रसारण गर्दा । २०६५ असोज ३ को *नेपाल दर्शन*मा रेडियो भेरी आवाज, नेपालगञ्ज; हाम्रो रेडियो, दोलखा; पश्चिमाञ्चल एफएम, पाल्पा; सप्तकोशी एफएम, सुनसरी; इन्द्रेणी एफएम, वीरगञ्जका

---

[५३] अध्ययन अवधिमा बिहीबार र शनिबार यो कार्यक्रमको समयमा क्रमश: *कर्मयोगीका कथा* र *सुनौँ बोलौँ* प्रसारण गरिएका थिए भने बुधबार र शुक्रबार साँझ ६:३०-७:०० बजेसम्म *शरणार्थी सन्देश* भएकाले *खबर चौतारी* १५ मिनेटमात्र प्रसारण गरिएको थियो । यो कार्यक्रम हप्ताको प्रत्येक दिन ४५ मिनेट प्रसारण नहुनुको मुख्य कारण *कर्मयोगीका कथा, सुनौँ बोलौँ* र *शरणार्थी सन्देश* जस्ता दाताको पैसामा सञ्चालित कार्यक्रम प्रसारण गर्नु पर्ने बाध्यता हो । तर उज्यालोका सुनिल न्यौपानेका अनुसार स्थानीय समाचारभन्दा राजधानीकै समाचारलाई बढी प्राथमिकता दिने रेडियोलाई हटाउने क्रममा खाली भएका समयमा यस्ता कार्यक्रम प्रसारण गरिएका हुन् ।

[५४] नेपाल एफएम नेटवर्कबाट २०६५ कात्तिक २२ मा प्राप्त जानकारीअनुसार यो कार्यक्रम रेडियो भेरी आवाज, नेपालगञ्ज; बुटवल एफएम, बुटवल; रेडियो गण्डकी, पोखरा; हाम्रो रेडियो, दोलखा; सप्तकोशी एफएम, इटहरी; पश्चिमाञ्चल एफएम, पाल्पा; इन्द्रेणी एफएम, वीरगञ्ज; सयपत्री एफएम, बाग्लुङ; हाम्रो एफएम, चितवन; नेशनल एफएम, हेटौँडा; रेडियो भेक आवाज, सुर्खेत; नेपाल एफएम, काठमाडौँ; रेडियो सानीभेरी, रोल्पा आदिले प्रसारण गर्छन् ।

सामग्री बजेका थिए । अध्ययन गरिएका दिनमा यी रेडियोबाहेक रेडियो गण्डकी, पोखरा र हाम्रो रेडियो चितवनका सामग्री पनि बजेका थिए । यी सात रेडियो स्टेसन नै यस कार्यक्रममा बढी सहभागी भएका छन् । यस कार्यक्रममा एक दिनमा ४ देखि ६ ओटा रेडियो स्टेसनले भाग लिएका छन् ।

यी दुवै कार्यक्रमले काठमाडौँमा नीतिनिर्माण तहमा रहेका र विभिन्न कामका सिलसिलामा काठमाडौमा बस्दै गरेका व्यक्तिलाई आफ्नो श्रोता मानेका छन् । त्यसैले राष्ट्रिय महत्त्वका स्थानीय गतिविधि यी कार्यक्रममा बज्ने दाबी गरिन्छ । *नेपाल दर्शन*मा सहभागी रेडियो स्टेसनलाई विभिन्न समयमा फरक मुद्दामा केन्द्रित हुन सुझाव दिइएको थियो । २०६२/०६३ को जनआन्दोलनताका यो कार्यक्रम सुरु हुँदा आन्दोलनसम्बन्धी समाचार बढी बज्थे । संविधानसभाको चुनावका बेलामा चुनावसम्बन्धी गतिविधि बढी बज्थे भने अहिले विकास निर्माणमा जोड दिइएको कुरा रामबहादुर रावलले बताए । उनका अनुसार केही सभासद् यस कार्यक्रमका नियमित श्रोता छन् । उनीहरूले यस कार्यक्रममार्फत आफ्नो जिल्लाका गतिविधि थाहा पाउँछन् । यीनै मध्ये एक हुन् अछामका शेरबहादुर कुँवर । यसबाहेक नेकपा माओवादी सम्बद्ध सभासद्ले नियमित जसो नेपाल एफएम नेटवर्कमा ती समाचारका बारेमा फोन गर्छन् । अरू जिल्लाबाट आएर काठमाडौँमा बसिरहेका केहीले आफ्नो जिल्लाको समाचार नआएकोमा दुखेसो पनि पोख्ने गरेका छन् ।[५५]

*नेपाल दर्शन*मा प्रत्येक रेडियोले तीन मिनेट मात्र पाउने भएकाले यसमा समेटिएका रेडियोले साना साना कार्यक्रमभन्दा पनि स्थानीय तर राष्ट्रिय महत्त्वका समाचार समेट्ने गरेका छन् । केही रेडियो स्टेसनले बिहान प्रकाशित स्थानीय दैनिक पत्रिकाको समाचारवाचन गर्ने भएकाले स्थानीय तर राष्ट्रिय महत्त्वको समाचार पाइएको हो । अध्ययन अवधिका सबै अङ्कमा नेपालगञ्जको रेडियो भेरी आवाजका सामग्री बजेका छन् । यी सामग्री स्थानीय पत्रिका *नयाँ संरचना, मध्यपश्चिम सन्देश, नेपाली एक्सप्रेस, कालपृष्ठ*बाट साभार गरिएका छन् । यो कार्यक्रम बिहान प्रसारण गरिने भएकाले पनि स्थानीय क्षेत्रमा भएका तर राष्ट्रिय महत्त्वका समाचारले बढी ठाउँ पाएका हुन् ।

यी दुवै कार्यक्रममा प्रसारित सबै समाचारलाई विभिन्न विषयमा छुट्ट्याएर हेर्न सकिन्छ । तिनमा स्थानीय/राष्ट्रिय राजनीति, विकास निर्माण, अपराध, स्वास्थ्य, शिक्षा, स्थानीय क्लब पर्दछन् । विभिन्न पार्टीका व्यक्ति, मन्त्रीले

---

[५५] यो र यसअघिको अनुच्छेदमा आएका जानकारी नेपाल एफएम नेटवर्कका रामबहादुर रावलसँग २०६५ कात्तिक २२ मा गरिएको कुराकानीमा आधारित छन् ।

काठमाडौँबाहिर कुनै कार्यक्रममा बोलेको विषय यी कार्यक्रममा प्रसारण गरिएका छन् । त्यस्तै स्थानीयस्तरमा राष्ट्रिय पार्टीले गर्ने गतिविधि पनि यी कार्यक्रमका विषय हुन् । उदाहरणका लागि २०६५ असोज ६ को *खबर चौतारी*मा राष्ट्रिय जनमोर्चाले बाग्लुङमा गरेको दुई घण्टे चक्काजामलाई समेटिएको थियो । त्यस्तै असोज ३ को *नेपाल दर्शन*मा पनि हाम्रो रेडियो, दोलखाले रामेछापमा युथफोर्सको जिल्ला संयोजक परिवर्तन गरेको समाचार प्रसारण गरेको थियो ।

विकास निर्माणका समाचारमा गाउँमा मोटर पुगेको समाचार *खबर चौतारी*मा प्रसारण गरिएका छन् । २०६५ असोज ३ को *नेपाल दर्शन*मा सुनसरीको सप्तकोशी एफएमले तयार पारेको धरानको सप्तरङ्गी पार्कसम्बन्धी समाचार प्रसारण गरिएको थियो । समाचारमा बताइएअनुसार १ करोडको खर्च भइसकेको यो पार्क पूरा नहुँदा अलपत्र थियो । विकास र स्वास्थ्यसँग जोडिएको अर्को समाचार २०६५ असोज ३ को *नेपाल दर्शन*मा पश्चिमाञ्चल एफएम, पाल्पाले प्रसारण गरेको थियो । सो समाचारअनुसार ग्लोबल फण्ड नामक गैरसरकारी संस्थाले खोल्न लागेको कृषि फार्मको त्यहाँका जनताले विरोध गरेका थिए । फण्डले १००० भन्दा बढी बङ्गुर पाल्ने योजना बनाएको थियो । स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखेर जनताले यसको विरोध गरेका थिए । २०६५ असोज ५ को *खबर चौतारी*मा पनि स्वास्थ्यसँग सम्बन्धित अर्को समाचार प्रसारण गरिएको थियो । रेडियो मर्स्याङ्दी, लमजुङले प्रसारण गरेको यस समाचारमा लमजुङ् जिल्ला अस्पतालमा बढ्दो विरामीका कारण ठाउँको अभाव भएको बताइएको थियो ।

अपराध, हत्या, मृत्यु, हिंसाका समाचारले *खबर चौतारी* र *नेपाल दर्शन*मा ठाउँ पाएका छन् । *नेपाल दर्शन*मा रेडियो भेरी आवाज, नेपालगञ्जले अध्ययन अवधिमा प्रसारण गरेको बालक विजय वाल्मिकीको हत्यासम्बन्धी समाचार यसको एउटा उदाहरण हो । २०६५ भदौ २६ मा उनको हत्या गरिएको थियो । भेरी आवाजले असोज ९ मा विजय वाल्मिकीलाई तान्त्रिकको समूहले हत्या गरेको १३ दिन पुगेको समाचार प्रसारण गरेको थियो । तर असोज ११ मा भने ती बालकको हत्या आफ्नै मामा महेश वाल्मिकीले गरेको समाचार प्रसारण गरेको थियो ।

२०६५ असोज ७ को *खबर चौतारी*मा रेडियो मर्स्याङ्दीले बाग्लुङको सरस्वती प्राविको उत्साहप्रद समाचार प्रसारण गरेको छ । समाचारअनुसार मिनकासी गुरुङ र सुनमाया विश्वकर्माले त्यस विद्यालयमा आफ्ना छोराछोरीसँगै पढ्न थालेका थिए ।

क्लब र स्थानीय संस्थाका गतिविधि यी दुवै कार्यक्रममा प्रसारण गरिएका थिए । उदाहरणका लागि २०६५ असोज ३ को *नेपाल दर्शन*मा पश्चिमाञ्चल एफएम,

पाल्पाले स्थानीय क्लबले रानीघाटस्थित ऐतिहासिक दरबार सरसफाइ गरेको समाचार बजाएको थियो। त्यस्तै २०६५ असोज ६ को *खबर चौतारी*मा सभासद् रामजीप्रसादलाई सम्मान गरिएको समाचार प्रसारण गरेको थियो। यस समाचारमा सो कार्यक्रमका सभापति, कार्यक्रम सञ्चालक कार्यक्रममा स्वागत गर्ने सबैको नाम दिइएको थियो। यसरी स्थानीय रेडियोले समाचारको महत्त्व नहेरी अनावश्यक विवरण दिने प्रवृत्तिका बारेमा भरत भूसालले यस्तो टिप्पणी गरेका छन्, "मोफसलमा समाचारको नाममा कुनै पनि कार्यक्रमका सबै वक्ताको नाम भन्नैपर्ने चलन सुरु भएको छ। ... कसैको नाम छुटेमा सिकायत आउँछ र समाचारदाता वा सम्पादकले खप्की बेहोनुपर्ने हुन्छ" (भुसाल २०६५ : ७)।

माथि चर्चा गरिएका यी कार्यक्रमका केही समाचारबाट यी नेटवर्कले स्थानीय तर राष्ट्रिय महत्त्वका समाचारलाई केही मात्रामा भए पनि केन्द्रमा ल्याउन सहयोग गरेको देखिन्छ। नेपाल एफएम नेटवर्कका काठमाडौँबाहिरका करिब १५ एफएम रेडियो स्टेसनमा यी कार्यक्रम एकसाथ प्रसारण गरिने हुँदा एउटा ठाउँका समाचार अरू जिल्लाका श्रोतासम्म पुग्न सकेका छन्। २०६५ असोज ७-८ मा भएको नेपाल एफएम नेटवर्कको प्रथम राष्ट्रिय सम्मेलनमा *नेपाल दर्शन*लाई पनि प्रस्तावित नेटवर्क कार्यक्रममा राखिएको थियो।[५६] यी दुवै कार्यक्रम इन्टरनेटमा पनि उपलब्ध भएकाले विश्वका जुनसुकै भागमा पनि सुन्न सकिन्छ। त्यसैले यी समाचारमा उठाइएका विषयमा बहस पैरवी हुने वातावरण बनेको छ।

यी समाचारले काठमाडौँ र अरू जिल्लालाई जोड्ने काम गरे पनि प्राविधिक कारणले यी कार्यक्रममा समस्या आउने गरेका छन्। २०६५ असोज ५ को *खबर चौतारी*मा सुरुमै रेडियो राप्तीलाई जोड्न सकिएन। त्यसपछि कार्यक्रम सञ्चालक कञ्चन अर्यालले काठमाडौँको समाचार पढेका थिए। त्यसपछि मात्र रेडियो राप्तीको समाचार प्रसारण गरियो। त्यस्तै रेडियो मर्स्याङ्दीपछि शुक्लाफाँटा एफएम जोड्न खोज्दा त्यही समस्या देखियो। यही कारणले तीनै ओटा रेडियो स्टेसनको समाचार बीचैमा काटिएका थिए। *खबर चौतारी*का सञ्चालक कञ्चन अर्यालका अनुसार फोनबाट समाचार पठाइने भएकाले यस्तो भएको हो।[५७] त्यसैले केही रेडियोका यी समाचार १५ मिनेटभन्दा पनि लामो हुँदा तोकिएको समय पछि यिनीहरू काटिन्छन्।[५८]

---

[५६] उक्त सम्मेलनको रापोर्टमा आधारित।

[५७] कञ्चन अर्यालसँग २०६५ कात्तिक २० मा गरिएको कुराकानी।

[५८] सुनिल न्यौपानेसँग २०६५ कात्तिक २५ मा गरिएको कुराकानीमा आधारित।

समाचारको प्रस्तुति र भाषामा पनि समस्या छ। यी दुवैमा प्रसारित अधिकांश समाचारमा सम्बन्धित विषय र पक्षको आवाज मिसाउने गरिएको छैन। यी समाचार सुन्दा पत्रिकाको समाचार सुनेझैँ लाग्छ। यस्तो हुनुको मुख्य कारण उपकरण र सीपको अभाव भएको विचार उज्यालोका गोपाल गुरागाईंको छ। तर यसका अपवाद पनि कहिलेकाहीँ पाइन्छन्। २०६५ असोज ७ को *खबर चौतारी*मा रेडियो मर्स्याङ्दीद्वारा प्रसारित समाचारमा बाग्लुङको सरस्वती प्राथमिक विद्यालयमा आफ्नै छोराछोरीसित अध्ययनरत मिनकासी गुरुङ र सुनमाया विश्वकर्माको रिपोर्टमा दुवै जनाको आवाज समेटिएको छ।

माथि उल्लेख गरिएझैँ यी दुवै कार्यक्रमको सामग्री फोनमार्फत काठमाडौँमा आइपुगेका छन्। त्यसैले यसको गुणस्तर राम्रो छैन। धेरै पटक फोन लाइन बीचमै काटिन्छ त कहिले स्थानीय रेडियोसँग सम्पर्क हुँदैन। फोनको सट्टामा अर्को प्रविधिको प्रयोग गरे यस्ता समस्या केही कम हुन्छ। *नेपाल दर्शन*मा एउटा रेडियो स्टेसनले पाउने समय कम छ भने *खबर चौतारी*मा बढी छ। यही कारण *खबर चौतारी*मा रेडियो रिपोर्ट बजाउन सकिएको छ। तर कम समय हुँदा *नेपाल दर्शन*मा एक वा दुई मिनेटको रिपोर्ट बजाउने ठाउँ पनि हुँदैन। यी दुवै कार्यक्रममा अझ धेरै रेडियो स्टेसनलाई संलग्न गर्न र प्रयोग भइरहेको कमजोर प्रविधि सुधार गर्न नेटवर्कले पर्याप्त चासो दिएको छैन।

## निष्कर्ष

यी दुई नेटवर्कमा भइरहेको समाचारको अभ्यासका राम्रा र नराम्रा पक्ष छन्। यिनका पाँच ओटा राम्रा पक्ष छन्। पहिलो, यिनीहरूले उत्पादन गर्ने समाचारको प्याकेजिङ राम्रो छ। दोस्रो, विषयवस्तुलाई विभिन्न कोणबाट प्रस्तुत गरिएको हुन्छ। तेस्रो, यी नेटवर्कको पहुँच देशभरि छ। यसै कारण यिनीहरूले राष्ट्रिय महत्त्वका विषयको जानकारी नेपालका सबै नागरिकलाई दिन सक्छन्। जसले देशभरि यस्ता महत्त्वपूर्ण विषयमा बहस चलाउन सहयोग गर्दछ। चौथो, यी नेटवर्कका समाचारबाट स्थानीय रेडियो र नेटवर्क दुवैले फाइदा लिएका छन्। स्थानीय रेडियोले लगानी नगरी नै वा कम लगानीमा राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार जस्तो महँगो सामग्री प्रसारण गर्न पाएका छन्। यतिमात्र होइन केही स्थानीय रेडियोले नेटवर्कबाट आएका समाचार अघि वा पछि बजाउने विज्ञापनको दर बढी छ। धेरै रेडियोमा यही समयमा विज्ञापनको चाप बढी छ। यी समाचार देशभरि प्रसारण हुने भएकाले नेटवर्कले यी समाचारका क्रममा बढी शुल्क तिर्ने विज्ञापन प्रसारण गर्न पाएका छन्। पाँचौँ, स्थानीय रेडियोले उत्पादन गरेको

समाचार पनि केन्द्रमा बज्ने गर्छ । यसले समाचारको प्रवाहलाई दुईतर्फी बनाएको छ । स्थानीय रेडियो र उनीहरूले उठाएका मुद्दा केन्द्रमा पुगेका छन् । ती मुद्दामा बहस पैरवी गर्न सकिने वातावरण बनेको छ ।

तर यी नेटवर्कका समाचार अभ्यासका पाँच ओटा नराम्रा पक्ष पनि छन् । पहिलो, केन्द्रबाट स्थानीय रेडियोमा प्रसारित अधिकांश समाचारको सम्पादकीय स्वतन्त्रता नेटवर्क सञ्चालकसँगै हुन्छ । दोस्रो, यी नेटवर्कका समाचारमा कार्यरत जनशक्ति पर्याप्त छैन । यिनीहरूले नियमित तालिम र पुनर्ताजगी तालिम पाएका छैनन् । तेस्रो, यी समाचारको मुख्य भाषा नेपाली भएकाले स्थानीय भाषा र लवज नुहँदा नेपाली भाषा नबुझ्ने श्रोताका लागि यी समाचार उपयोगी छैनन् । चौथो, यी समाचारले समाचार बन्न योग्य विषयवस्तु केन्द्र नै हो भन्ने केन्द्रिय राज्य संरचनाकै भावनालाई मलजल गरेका छन् । त्यसैले काठमाडौँमा हुने गतिविधि बढी मात्रामा प्रसारण हुने गर्दछ । पाँचौं, स्थानीय रेडियोको सामग्री बज्ने समाचार कार्यक्रम सङ्ख्या कम छन् । काठमाडौँबाहिरका रेडियो र गतिविधिलाई पनि स्थान दिएका छौँ भनेर देखाउनका लागि मात्र *खबर चौतारी* तथा *नेपाल दर्शन* जस्ता कार्यक्रम बजाएको देखिन्छ । तिनको स्तरसुधार गर्न खासै प्रयास भएको छैन । अर्कातिर ती कार्यक्रममा सीमित रेडियोको मात्र संलग्नता छ । यिनीहरूमा भाग लिने रेडियो स्टेसनको सङ्ख्या बढाउन यी नेटवर्कले पर्याप्त मात्रामा चासो दिएका छैनन् ।

अन्तमा, यो अध्याय खाली केन्द्रबाट के कस्ता समाचार सामग्री मोफसलतर्फ र मोफसलबाट के कस्ता सामग्री केन्द्रतर्फ प्रवाह भइरहेका छन् भन्ने कुराको विवरण र विश्लेषण हो । यस्ता समाचार र विकासमूलक कार्यक्रमको उपलब्धताबाट मोफसलका रेडियोले के कस्ता फाइदा वा बेफाइदा पाएका छन् भन्ने कुराको चर्चा अध्याय ४ मा गरिएको छ ।